सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

७ चैत २०८०, बुधबार (20 Mar 2024, Wednesday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३३१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

कांग्रेसको अबको रणनीति

## सदनमा सशक्त, वडासम्म पुग्ने



(विस्तृत पृष्ठ ३)

## भारतीय मिडियाकी सबैभन्दा शक्तिशाली महिला



निता अम्बानी भारतमा डिज्नी (डिआइएस) र मुकेश अम्बानी स्वामित्वको रिलायन्स इन्डस्ट्रिजको मिडिया शाखाको मर्जरबाट बन्ने ८.५ अर्ब डलर लागतको संगठनको अध्यक्ष हुनेछिन्

(विस्तृत पृष्ठ ५)




NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.




# भ्रष्टाचारविरुद्ध निर्मम बन्ने संकल्प

### अर्थतन्त्रमा देखिएको शिथिलता हटाउन नीतिगत सुधार गर्दै आर्थिक क्रियाकलापलाई तीव्रता दिने र सबै कालखण्डको भ्रष्टाचार छानबिन गर्ने प्रतिबद्धतासहित पाँचदलीय सत्तागठबन्धनको न्यूनतम नीतिगत प्राथमिकता र साझा संकल्प सार्वजनिक

**शुरोजंग पाण्डे**/नयाँ पत्रिका

सत्तारुढ पाँच राजनीतिक दलले भ्रष्टाचारविरुद्ध निर्मम बन्ने संकल्प गरेका छन् । उनीहरूले मंगलबार सार्वजनिक गरेको न्यूनतम नीतिगत प्राथमिकता र साझा संकल्पमा भ्रष्टाचारी एक दिन कानुनको कठघरामा पुग्नेछ भन्ने विश्वास समाजमा स्थापित गर्ने प्रतिबद्धता गरिएको छ ।

संकल्पपत्रमा कुनै पनि कालखण्डमा भएका भ्रष्टाचारलाई कानुनको दायरामा ल्याउने उल्लेख छ । सरकारले अर्थतन्त्रमा देखिएको शिथिलता हटाउन नीतिगत सुधार गर्दै आर्थिक क्रियाकलापलाई तीव्रता दिने र सबै कालखण्डको भ्रष्टाचार छानबिन गर्ने प्रतिबद्धतासहित न्यूनतम नीतिगत प्राथमिकता र साझा संकल्प सार्वजनिक गरेको हो ।

■ संकल्पपत्र सार्वजनिकपछि प्रधानमन्त्रीले भने-

**नयाँ समीकरणले आशा जगाउन नसके देश अप्ठ्यारोमा पर्छ**

'अख्तियार दुरुपयोग अनुसन्धान आयोगजस्ता नियामक निकायलाई कानुन, जनशक्ति, स्रोत र साधनसहित अधिकारसम्पन्न बनाई भ्रष्टाचार नियन्त्रण र सदाचारको प्रत्याभूति गर्ने । भ्रष्टाचार र अख्तियारको दुरुपयोगसँग जोडिएका विषयको छानबिन र अनुसन्धान गरी कुनै पनि कालखण्डमा भएका भ्रष्टाचार र जो-कोही भ्रष्टाचारीमाथि कानुनी कारबाही अगाडि बढाउने । भ्रष्टाचारी एक दिन कानुनको कठघरामा पुग्नेछ भन्ने विश्वास नेपाली समाजमा स्थापित गर्ने' न्यूनतम नीतिगत प्राथमिकता र साझा संकल्पमा उल्लेख छ ।

यसैगरी, छरितो सेवा प्रवाह र सुशासनका लागि 'सार्वजनिक पदमा रहेका सबै भ्रष्ट, सबै निकम्मा'को रूपमा व्याप्त भावनालाई बदल्न

» पृष्ठ २ मा क्रमशः



प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा आयोजित सत्तारुढ दलको 'न्यूनतम नीतिगत प्राथमिकता र साझा संकल्प' सार्वजनिक कार्यक्रममा शीर्ष नेता । तस्बिर : **रत्न श्रेष्ठ**/रासस

### सरकारका १३ संकल्प

- आर्थिक शिथिलता अन्त्य गर्ने
- वित्तीय संस्थालाई विसंगतिमुक्त बनाउने
- संघीयता कार्यान्वयन र संरचनागत सुधार गर्ने
- छरितो सेवा प्रवाहसँगै सुशासनको प्रत्याभूति गराउने
- स्वदेशी उत्पादन र स्वदेशी उपभोगलाई प्रोत्साहन गर्दै राष्ट्रिय पुँजीको विकास गर्ने
- 'उद्यमशील शिक्षित युवा'को नीति कार्यान्वयन गर्ने
- राष्ट्रिय पूर्वाधारमा अन्तर्निकाय समन्वय सुनिश्चित गर्ने
- विद्युत् उत्पादन विस्तारमार्फत आर्थिक वृद्धिदर बढाउने
- किसानको पहुँच, वैज्ञानिक भूमि व्यवस्थापन
- युवाको सर्वतोमुखी विकासको वातावरण तयार गर्ने
- लैंगिक समानता, सामाजिक समावेशिता र समानता पूर्ण प्रत्याभूत गराउने
- शान्ति प्रक्रियाका बाँकी काम तत्काल टुंग्याइने
- राष्ट्रिय हितको रक्षा र स्वतन्त्र तथा असंलग्न परराष्ट्र नीति अवलम्बन गर्ने

### नेपाली भूमि फिर्ता लिन प्रभावकारी कूटनीतिक प्रयास गरिने

सरकारले लिम्पियाधुरा, लिपुलेक, कालापानी, सुस्तालगायतका नेपाली भूमि फिर्ता लिन प्रभावकारी कूटनीतिक प्रयास अगाडि बढाउने भएको छ । सत्तारुढ पाँच दलको संकल्पपत्रमा उल्लेखित 'राष्ट्रिय हितको रक्षा र स्वतन्त्र तथा असंलग्न परराष्ट्र नीति'मा यो विषय समेटिएको छ । विदेश सम्बन्ध सञ्चालनमा सार्वभौम समानता, पारस्परिक हित र सम्मानलाई केन्द्रविन्दुमा राखी दुवै छिमेकीलगायत सबै मित्रराष्ट्रसँग सन्तुलित, विश्वसनीय र मैत्रीपूर्ण सम्बन्ध सञ्चालन गर्ने पाँच दलको कार्यक्रम छ । 'नेपालको हित संरक्षण र प्रवर्द्धन हुने गरी विद्यमान सन्धि-सम्झौताहरूको पुनरावलोकन गर्ने, आवश्यकताअनुसार नयाँ सन्धि-सम्झौताहरू गर्ने, द्विपक्षीय तथा बहुपक्षीय संस्थामा आबद्धता वृद्धि गर्ने,' संकल्पपत्रमा भनिएको छ । न्यूनतम साझा कार्यक्रममा सीमाको प्रभावकारी व्यवस्थापन गरिने उल्लेख छ । 'नेपालको हित संरक्षण र प्रवर्द्धन हुने गरी विद्यमान सन्धि-सम्झौताहरूको पुनरावलोकन गर्ने, आवश्यकताअनुसार नयाँ सन्धि-सम्झौताहरू गर्ने, द्विपक्षीय तथा बहुपक्षीय संस्थामा आबद्धता वृद्धि गर्ने,' न्यूनतम कार्यक्रममा छ । नागरिकता वितरण कार्य सहज बनाउने र गैरआवासीय नेपाली डायस्पोराहरूको सीप, पुँजी राष्ट्रहितमा प्रयोग गर्दै उनीहरूको जायज चासोको सम्बोधन गर्ने नीति कार्यक्रममा उल्लेख छ ।

## 'सहकारी मुद्दामा रविको संलग्नता देखिएन, कैफियत देखिए कारबाही हुन्छ'

■ **संसद्मा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड**



मुद्दा बुझाइसक्दासम्म उहाँ (लामिछाने)को नाममा उजुरी, निवेदन केही छैन । उजुरी पर्नासाथ राजीनामा दिने हो भने के हुन्छ ? के हामी उजुरी दर्ता हुनासाथ राजीनामा दिने सहमति गर्न सक्छौं ? होइन, गृहमन्त्रीबाट चाहिँ हटाऊ, मुद्दा प्रभावित हुन्छ भन्न खोज्नुभएको हो भने प्रभावित पार्नेले अर्को मन्त्रालय लिए वा सरकारमा बसे पनि फरक पार्ला । त्यसैले यो विषयलाई राजनीतीकरण नगरौं ।

■ **कांग्रेस प्रमुख सचेतक रमेश लेखकको असन्तुष्टि**



पीडितले भनेको कुरा प्रमाण होइन, प्रहरीमा दर्ता जाहेरी प्रमाण होइन, पोखरा महानगरको प्रतिवेदनले उल्लेख गरेको कुरा प्रमाण होइन, लामिछानेजी आफैंले सरकारी अड्डामा कागज गरिदिएको प्रमाण होइन भने प्रधानमन्त्रीलाई प्रश्न-प्रमाण के हो ? के प्रमाण हुँदा अनुसन्धान हुन्छ ? जब प्रधानमन्त्री नै अँध्यारोमा हुनुहुन्छ भने कसरी निष्पक्ष र स्वतन्त्र छानबिनको आशा गर्न सकिन्छ ? यही सदनभित्र छानबिन समिति गठन गरौं । प्रमाण छ कि छैन त्यो पनि हेरौं ।

■ **एमाले अध्यक्ष केपी ओलीको जवाफ**



छानबिन समिति कसरी केका लागि बन्ने ? त्यो सम्भव नै छैन । अहिले उहाँहरू सरकारबाट बाहिर हुनुहुन्छ । बाहिर हुनेबित्तिकै कांग्रेसजस्तो पार्टीले कुनै आवेश-उत्तेजना देखाउने, आग्रह देखाउने अनि प्रतिशोधी खालका अभिव्यक्ति, क्रियाकलाप गर्ने र संसद् अवरुद्ध गर्ने क्रियाकलाप गर्नुहुँदैन । हामी कांग्रेसबाट एउटा परिपक्व प्रतिपक्षीको भूमिकाको अपेक्षा गर्छौं ।

■ **गृहमन्त्री रवि लामिछानेले उठाए कांग्रेसमाथि प्रश्न**



एउटा पूरक उजुरीमा संसद् अवरुद्ध गर्न सिकाउने कांग्रेस दुधले नुहाएको पार्टी होइन भन्ने नेपाली जनताले बुझेका छन् । अनुसन्धान प्रभावित बनाउने, अनुसन्धान गर्ने मान्छेलाई कुर्सीबाट हटाएर पठाउने कांग्रेसले नैतिकताको कुरा गर्ने ? सुशासनको कुरा गर्ने ? कुन ढंगले जान्छ, हेर्दै जाऊँ । यसमा छलफल होला ।

**कमलराज भट्ट**/नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सहकारी ठगीमा उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेको संलग्नता नरहेको बताएका छन् । कांग्रेसलगायत प्रतिपक्षी दलले संसद्मा सहकारी अपचलनमा लामिछानेको संलग्नताबारे जवाफ मागेका वेला मंगलबार प्रतिनिधिसभामा उपस्थित भएर प्रधानमन्त्री

» पृष्ठ २ मा क्रमशः

# सुन काण्डमा मुछिएपछि हटाइए लमजुङका सिडिओ

नयाँ पत्रिका

सुन तस्करीमा संलग्न आरोपीसँग निकट सम्बन्ध देखिएपछि गृह मन्त्रालयले लमजुङका प्रमुख जिल्ला अधिकारी (सिडिओ) उमाकान्त अधिकारीलाई हटाएको छ । सुनको अवैध पैठारीसम्बन्धी जाँचबुझ आयोगले उनलाई निगरानीमा राख्न सिफारिस गरेको आधारमा हटाइएको गृह मन्त्रालयले जनाएको छ ।

आयोगको सिफारिसअनुसार उनलाई शुक्रबार नै जिम्मेवारीमुक्त गरेको हो । मन्त्रालयले मंगलबार लमजुङमा सहसचिव बुद्धबहादुर गुरुङलाई खटाएको छ । गुरुङ तीन सातादेखि गृहको 'बरन्डा'मा थिए ।

लमजुङका सिडिओ रहेका उपसचिव अधिकारी यसअघि गृह मन्त्रालयको शान्ति सुरक्षा महाशाखामै कार्यरत थिए । त्यसवेला सुन तस्करीमा संलग्न व्यक्तिहरूसँग उनको दोहोरो संवाद देखिएको स्रोत बताउँछ । सोमबार पत्राउ परेका पूर्वसभामुख कृष्णबहादुर महरासँग पनि उनको यस विषयमा कुराकानी भएको जाँचबुझ आयोगले १ चैतमा बुझाएको प्रतिवेदनमा उल्लेख छ ।

अभियुक्तहरूसँग दोहोरो संवाद देखिएपछि उनलाई हटाइएको गृहका एक अधिकारीले बताए । उनी दुई महिनाअघि मात्र लमजुङमा गएका थिए ।

सुन तस्करी प्रकरणमा प्रस्ट प्रमाण नभएका, तर शंकास्पद देखिएका केही व्यक्तिलाई निगरानीमा राख्न आयोगले सिफारिस गरेकोमा त्यस्ता व्यक्तिहरूलाई जिम्मेवारीमुक्तसमेत गरिएको छ ।



**उमाकान्त अधिकारीले गृह मन्त्रालयको शान्ति सुरक्षा महाशाखामा कार्यरत हुँदा सुन तस्करीमा संलग्न व्यक्तिहरूसँग संवादमा रहेको जाँचबुझ आयोगको ठहर**

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) की प्रमुख किरण बज्राचार्यसहित चार प्रहरी अधिकृतलाई जिम्मेवारीमुक्त गरेर कारबाही प्रक्रिया अघि बढाइएको छ । बज्राचार्यसहित

» पृष्ठ २ मा क्रमशः

भालुवाङका १७ परिवारको ६ बिघा सात कट्ठा जग्गामा सशस्त्र प्रहरीको गण

# तिरो बुझाउँछन्, अंशबन्डा पनि हुन्छ, तर भोगचलन गर्न पाउँदैनन्

दाङबाट **यम बम**

भालुवाङमा सशस्त्र द्वन्द्वका क्रममा सशस्त्र प्रहरी बलको ज्वालामाई गण स्थापना भएपछि दाङ लालमटिया (हाल राप्ती गाउँपालिका- १ देउखुरी) का शिवराज शर्मा घिमिरेको परिवार ०५८ मा विस्थापित भयो । तत्कालीन अवस्थामा सडक कार्यालय र पछि नेपाल प्रहरीको तालिम केन्द्र रहेको स्थानबाहिर उनको जग्गा थियो । तर, सशस्त्र द्वन्द्व चर्किएपछि सुरक्षाका कारण त्यहाँबाट हट्न भनिएपछि पाँच सय मिटर टाढा बसे । त्यहाँ रहेको डेढ बिघा जग्गा उनले तीन छोरा दामोदर, विनोद र विमलका नाममा अंशबन्डासमेत गरिसकेका छन् । हरेक वर्ष तिरो पनि बुझाउँछन् । तर, भोगचलन गर्न पाएका छैनन् ।

'म त्यहीं हुर्किएको हुँ (हाल सशस्त्र प्रहरी बल २९ नम्बर गणले ओगटेको क्षेत्र) । पछि हाम्रो परिवार विस्थापित भयो,' शिवराजका छोरा भालुवाङ पाखापानी जग्गापीडित संघर्ष समितिका अध्यक्ष विमल घिमिरेले भने, 'शान्ति पुनर्स्थापना भइसकेको छ । अब कि जग्गा फिर्ता दिनुपऱ्यो

» पृष्ठ २ मा क्रमशः



राप्ती गाउँपालिका- १ देउखुरी



● **विमलकुमार घिमिरे**, अध्यक्ष, भालुवाङ पाखापानी जग्गापीडित संघर्ष समिति

भालुवाङको ज्वालामाई गण १७ परिवारको जग्गामा स्थापना भएको हो । एकातर्फ हामीले जग्गा भोगचलन गर्न पाएका छैनौं, अर्कोतिर राज्यलाई नियमित रूपमा मालपोत तिरिरहनुपरेको छ । महेन्द्र राजमार्ग निर्माणका क्रममा सुरुमा उक्त जग्गामा निर्माण सामग्री राखिएको थियो । पछि आयोजनाको कार्यालय बनाइयो र सशस्त्र द्वन्द्वमा प्रहरी कार्यालय स्थापना गरेर नियन्त्रणमा लिइएको हो । अहिलेसम्म कुनै मुआब्जा दिइएको छैन ।



## भ्रष्टाचारविरुद्ध...

पृष्ठ १ बाट क्रमशः

'बेइमानी गर्नेले कानुनी रूपमा सजाय पाउँछ' भन्ने उदाहरण प्रस्तुत हुने गरी सार्वजनिक प्रशासन, न्यायालय र सम्बद्ध नियामक निकायहरूमा जवाफदेहिता सुनिश्चित गर्ने संकल्पमा छ । 'लाइनमा रहेका सबैको पालो आउँछ' भन्ने मान्यतालाई बल पुऱ्याउने दिगो प्रणाली विकास गरी जनतामा राज्यप्रतिको भरोसा जगाउने संकल्प गरिएको छ ।

प्राथमिकताका १३ वटा विषय र क्षेत्र समेटिएको दुई हजार ६ सय ९४ शब्दको संकल्पपत्रमा आगामी दिनमा सरकारले प्राथमिकताका साथ गर्ने कामलाई बुँदागत रूपमा समेटिएको छ । अर्थतन्त्रको सुधार, सबै कालखण्डको भ्रष्टाचार छानबिन गरी भ्रष्टाचारीलाई कानुनी कठघरामा ल्याउने, शान्ति प्रक्रियाका बाँकी कामलाई टुंग्याउने, संघीयता कार्यान्वयन, सुशासन, विकास पूर्वाधार निर्माणको तीव्रताका लागि विशेष कानुन निर्माण, लिम्पियाधुरा, लिपुलेक, कालापानी, सुस्तालगायतका नेपाली भूमि फिर्ता लिन प्रभावकारी कूटनीतिक प्रयास अगाडि बढाउने र सीमाको प्रभावकारी व्यवस्थापन गर्ने प्रतिबद्धता सरकारले संकल्पमार्फत प्राथमिकतामा राखेको छ ।

पत्रकार सम्मेलनमा पुनर्गठित पाँचदलीय गठबन्धनबाट प्रधानमन्त्री तथा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल' प्रचण्ड', एमाले अध्यक्ष केपी शर्मा ओली, रास्वपाका अध्यक्ष तथा उपप्रधानमन्त्री रवि लामिछाने, नेकपा एसका अध्यक्ष माधवकुमार नेपाल र जसपाका अध्यक्ष उपेन्द्र यादव उपस्थित थिए ।

# सरकारका १३ संकल्प

### आर्थिक शिथिलता अन्त्य गर्ने

अर्थतन्त्रमा उत्पादनदेखि उपभोगसम्म र लगानीदेखि व्यापारसम्म देखिएको शिथिलता हटाउन नीतिगत सुधार गर्दै आर्थिक क्रियाकलापलाई तीव्रता दिने ।

### वित्तीय संस्थालाई विसंगति मुक्त बनाउने

वित्तीय संस्थाहरूमा उत्पन्न समस्या समाधान गर्न विभिन्न समयमा गठित आयोगका सुझावलाई क्रमशः कार्यान्वयन गर्दै सहकारी, लघुवित्त संस्था एवं अनुचित लेनदेनसम्बन्धी समस्या समाधान गर्ने ।

### संघीयता कार्यान्वयन र संरचनागत सुधार गर्ने

संघीयता कार्यान्वयनका समस्या समाधान गर्ने । सार्वजनिक सेवा प्रवाहमा सुधार गर्न, सुशासन प्रवर्द्धन गर्न, व्यावसायिक वातावरण निर्माणमा असहज र असान्दर्भिक नीति तथा कानुनमा परिमार्जन गर्ने । संगठन संरचनामा कायम रहेको दोहोरोपना हटाई चुस्त र मितव्ययी संरचना निर्माण गर्ने । राज्यका निकायबीच अन्तरसमन्वय कायम गरी प्रविधि-आधारित, सुधार-निर्देशित अनुगमन प्रणाली स्थापना गर्ने ।

### छरितो सेवा प्रवाहसँगै सुशासनको प्रत्याभूति गराउने

'सार्वजनिक पदमा रहेका सबै भ्रष्ट, सबै निकम्मा'का रूपमा व्याप्त भावनालाई बदल्न 'बेइमानी गर्नेले कानुनी रूपमा सजाय पाउँछ' भन्ने उदाहरण प्रस्तुत हुने गरी सार्वजनिक प्रशासन, न्यायालय र सम्बद्ध नियामक निकायमा जवाफदेहिता सुनिश्चित गर्ने । 'लाइनमा रहेका सबैको पालो आउँछ' भन्ने मान्यतालाई बल पुऱ्याउने दिगो प्रणाली विकास गरी जनतामा राज्यप्रतिको भरोसा जगाउने ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगजस्ता नियामक निकायलाई कानुन, जनशक्ति, स्रोत र साधनसहित अधिकारसम्पन्न बनाई भ्रष्टाचार नियन्त्रण र सदाचारको प्रत्याभूति गर्ने । भ्रष्टाचार र अख्तियारको दुरुपयोगसँग जोडिएका विषयको छानबिन र अनुसन्धान गरी कुनै पनि कालखण्डमा भएका भ्रष्टाचार र जो-कोही भ्रष्टाचारीमाथि कानुनी कारबाही अगाडि बढाउने । भ्रष्टाचारी एक दिन कानुनको कठघरामा पुग्नेछ भन्ने विश्वास नेपाली समाजमा स्थापित गर्ने ।

### काम, रोजगारी, उद्यमशीलता र स्वदेशी उत्पादन

स्वदेशी उत्पादन र स्वदेशी उपभोगलाई प्रोत्साहन गर्दै राष्ट्रिय पुँजीको विकास गर्ने । कृषिलाई आर्थिक वृद्धि, रोजगारी सिर्जना, गरिबी निवारण, औद्योगिकीकरण, निर्यात व्यापार र आपूर्ति व्यवस्था अभिवृद्धिको प्रमुख क्षेत्रका रूपमा विकास गर्ने । भन्सार नियमनका माध्यमबाट समेत स्वदेशी उद्योग र उत्पादनलाई संरक्षण गर्ने । ज्याला रोजगारी र स्वरोजगार दुवै क्षेत्रमा कामको अवसर सिर्जना गर्ने गरी 'मेक इन नेपाल' अभियान सञ्चालन गर्ने । स्वदेशको रोजगारीलाई आकर्षक र मर्यादित बनाउने । वैदेशिक रोजगारीलाई सुरक्षित र सीप सिक्ने (स्किल गेन) माध्यम बनाउने ।

### 'उद्यमशील शिक्षित युवा'को नीति कार्यान्वयन गर्ने

सबैको समान पहुँच भएको, राष्ट्, समाज तथा जीवनसँग जोडिएको र समयअनुरूप अनुमोदित हुने गुणस्तरीय शिक्षा नीति अवलम्बन गर्दै 'उद्यमशील शिक्षित युवा'को नीति कार्यान्वयन गर्ने । मौलिक हकका रूपमा रहेको स्वास्थ्य, खाद्य, आवास र खानेपानीको अधिकार सुनिश्चित गर्ने । श्रमको सम्मान, मर्यादित काम, न्यायोचित ज्याला, सामाजिक सुरक्षा एवं असल औद्योगिक श्रम सम्बन्धलाई श्रम नीतिका आधारभूत मान्यताका रूपमा स्थापित गर्ने । मजदुर, किसान, श्रमजीवी र विपन्न वर्गलाई समृद्धिको केन्द्रमा राख्ने ।

### राष्ट्रिय पूर्वाधारमा अन्तरनिकाय समन्वय सुनिश्चित गर्ने

राष्ट्रिय पूर्वाधारमा अन्तरनिकाय समन्वय सुनिश्चित गर्ने । यातायात र सडकलाई आर्थिक विकासका पूर्वाधार, आपूर्ति व्यवस्थाको मेरुदण्ड, नागरिकले पाउने सुविधा एवं समुदाय-समुदायबीचको अन्तरसम्बन्धको माध्यमका रूपमा विकास गर्ने । पूर्वाधार विकासमा रहेको दोहोरोपन र भौगोलिक तथा प्रादेशिक असन्तुलन हटाउने । पूर्वाधार विकाससम्बन्धी आयोजनाहरू नीति, कार्यक्रम तथा बजेटमा पर्ने, तर वर्षौंसम्म कार्यान्वयन नहुने अवस्थाको अन्त्य गर्ने ।

### विद्युत् उत्पादन विस्तारमार्फत आर्थिक वृद्धिदर बढाउने

विद्युत् उत्पादन विस्तारमार्फत आर्थिक वृद्धिदर बढाउने, विद्युतीकरणमार्फत आमनागरिकको जीवन सहज तुल्याउने, इन्धनमाथिको परनिर्भरता न्यून गर्ने, मुलुकको औद्योगिकीकरणमा टेवा पुऱ्याउने र नवीकरणीय ऊर्जाको प्रयोगमार्फत वातावरणमा सुधार ल्याउने । आधुनिक सञ्चारमार्फत जनताको सुसूचित हुने अधिकारको प्रत्याभूति गर्ने, प्रविधिमार्फत शिक्षा, स्वास्थ्य, उत्पादनलगायत जीवनका सबै क्षेत्रलाई सहज तुल्याउने र रोजगारीका अवसर सिर्जना गर्ने ।

### किसानको पहुँच, वैज्ञानिक भूमि व्यवस्थापन

भूमिमा किसानहरूको सहज पहुँच उपलब्ध गराउन, भूमिको वैज्ञानिक व्यवस्थापनमार्फत यसको सही सदुपयोग गर्न र आवाससम्बन्धी मौलिक हक कार्यान्वयनको सुनिश्चित गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने । जलवायु परिवर्तनले उत्पन्न गरेको जोखिम न्यूनीकरण गर्ने, वातावरणको सुरक्षा गर्ने र हरित अर्थतन्त्रको विकास गर्ने ।

### युवाको सर्वतोमुखी विकासको वातावरण तयार गर्ने

युवाहरूलाई सामाजिक जीवनका सबै क्षेत्रमा महत्त्वपूर्ण साझेदार र संवाहकका रूपमा अगाडि बढाउँदै उनीहरूको सर्वतोमुखी विकासका लागि वातावरण निर्माण गर्ने । बहुलता, विविधता र बहुसांस्कृतिक सामाजिक विशेषतालाई नेपालको पहिचान, गौरव र सम्पदाका रूपमा स्थापित गर्ने । पर्यटनको समग्र विकासमार्फत आर्थिक विकासमा टेवा पुऱ्याउने ।

### लैंगिक समानता, सामाजिक समावेशिता र समानता पूर्ण प्रत्याभूत गराउने

लैंगिक समानता, सामाजिक समावेशिता र समानता प्रत्याभूत गर्ने एवं महिला सहभागिता र लैंगिक समानता सम्बन्धमा आजसम्म हासिल उपलब्धिलाई अझ दिगो, परिणाममुखी र सार्थक तुल्याउने ।

### शान्ति प्रक्रियाका बाँकी काम तत्काल टुंग्याइने

शान्ति प्रक्रियाका बाँकी कामलाई टुंग्याउन तत्काल कानुनी प्रबन्ध गर्ने । पीडितलाई केन्द्रमा राखी तथ्यका आधारमा सत्य स्थापित गर्ने । सत्यको आधारमा न्याय, क्षतिपूर्ति, परिपूरण, माफी र मेलमिलापका माध्यमबाट द्वन्द्व-सिर्जित पीडाको सम्बोधन गर्ने ।

### राष्ट्रिय हितको रक्षा र स्वतन्त्र तथा असंलग्न परराष्ट्र नीति अवलम्बन गर्ने

नेपालको राष्ट्रियता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, स्वतन्त्रता, स्वाभिमान र राष्ट्रिय हितको रक्षालाई केन्द्रविन्दुमा राख्ने । संयुक्त राष्ट्रसंघको वडापत्र, पञ्चशीलको सिद्धान्त, विश्व शान्तिका मान्यता, अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा न्यायमा आधारित स्वतन्त्र, तटस्थ र असंलग्न परराष्ट्र नीति अवलम्बन गर्ने ।

## 'सहकारी मुद्दामा...

पृष्ठ १ बाट क्रमशः

प्रचण्डले संलग्नता नदेखिएको दाबी गरेका हुन् । प्रधानमन्त्री प्रचण्डले गृहमन्त्रीको हकमा कांग्रेसले राजनीति गरेको आरोप पनि लगाए ।

कांग्रेसले निरन्तर प्रश्न उठाएपछि आफैँले अध्ययन गरेको र सम्बन्धित निकायबाट रिपोर्टिङ लिएको भन्दै प्रधानमन्त्री प्रचण्डले हालसम्मको अनुसन्धानले लामिछाने सहकारीको सञ्चालक समिति, लेखा समिति, ऋण समिति, कर्मचारीलगायत कुनै पनि जिम्मेवारी र भूमिकामा नरहेको र अदालतमा विचाराधीन मुद्दामा पनि कतै जोडिएको नदेखिएको उल्लेख गरे ।

सूर्यदर्शन सहकारीका एक हजारभन्दा बढी बचतकर्ताले आफ्नो रकम हिनामिना गरेको भन्दै २२ साउनमा दिएको जाहेरीमा कसैको नाम नकिटिएको, प्रहरीले अनुसन्धान गरी बुझाएको प्रतिवेदनका आधारमा सहकारीको रकम हिनामिना गर्ने कार्यमा संलग्न भएको अभियोगमा १९ जनालाई प्रतिवादी कायम गरी कास्की जिल्ला अदालतमा १८ असोजमा मुद्दा दायर गरेको र विचाराधीन रहेको बताए । उनले १९ मध्ये चारजना पक्राउ परेको र बाँकीको प्रहरीले खोजी गरिरहेको बताए ।

मूल उजुरी परेको ६ महिनापछि १६ माघमा लामिछानेसमेत १८ व्यक्ति तथा कम्पनीलाई विपक्षी बनाई कास्की प्रहरीमा पूरक जाहेरी दिइएको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले भने, 'मूल उजुरीपछि थप प्रमाणहरू भेटिएमा पूरक जाहेरी दिई अनुसन्धान गर्न सकिन्छ । तर, उक्त जाहेरीमा उहाँ सहकारी हिनामिनामा संलग्न भएको कुनै पनि आधार प्रमाण पेस गरिएको छैन । एकपटक अनुसन्धान सकिएर अदालतमा मुद्दा दायर भइसकेको मुद्दामा यस्तो आधार प्रमाणविनाको जाहेरी पुनः दर्ता गर्न आवश्यक नै हुँदैन । त्यसैले, प्रहरीले कानुनबमोजिम नै उक्त जाहेरी छुट्टै दर्ता गर्नसमेत उपयुक्त ठानेन । यो उहाँ सरकारमा आउनुअघिको विषय हो । त्यतिवेलाको सरकारमा त अहिले प्रश्न उठाउने कांग्रेस स्वयं सहभागी थियो ।'

लामिछानेको नाममा प्रवाह भएको भनिएको ऋण फर्स्योट भइसकेकाले अनुसन्धान गर्नुनपर्ने निष्कर्षसहित प्रहरीबाट ब्रिफिङ आएको र यो कांग्रेस सरकारमै भएको साथै रास्वपा सरकारमा आउनुअघिकै विषय भएको प्रधानमन्त्री प्रचण्डले दोहोऱ्याए ।

कांग्रेस सरकारमा भएकै अवस्थामा प्रहरीले अनुसन्धान गर्नुनपर्ने निष्कर्ष निकालिसकेको भन्दै प्रधानमन्त्री प्रचण्डले रास्वपा सरकारमा सहभागी भएपछि यो विषयलाई संसद्को नियमित काम-कारबाही प्रभावित हुने गरी उठाउनु जायज नभएको बताए । 'किनभने प्रहरीले गत असोजमा नै अनुसन्धान गरी मुद्दा बुझाएको वेला उहाँ प्रतिपक्षमा हुनुहुन्थ्यो । अनुसन्धान सकिइसकेको विषयमा कन्फ्लिक्ट अफ इन्ट्रेस्ट कसरी हुन सक्छ ?' उनले सोधे ।

सुशासन कायम गर्ने सवालमा आफूले कुनै सम्झौता नगर्ने, यसमा आफ्नो पार्टी र अरूको पार्टी भन्ने आग्रह र पूर्वाग्रह नराख्ने स्पष्ट पार्दै प्रधानमन्त्री प्रचण्डले यदि अनुसन्धानबाट केही पनि कैफियत देखिएमा लामिछानेलाई कारबाही गर्न कुनै पनि कुराले नरोक्ने स्पष्ट पारे । तर, अनावश्यक उछालेर राजनीतीकरण नगर्न उनले अनुरोध गरे । 'मुद्दा बुझाइसक्दासम्म उहाँको नाममा उजुरी, निवेदन केही छैन । उजुरी पर्नासाथ राजीनामा दिने हो भने के हुन्छ ? के हामी उजुरी दर्ता हुनासाथ राजीनामा दिने सहमति गर्न सक्छौँ ?' उनले सोधे, 'हैन, गृहमन्त्रीबाट चाहिँ हटाऊ, मुद्दा प्रभावित हुन्छ भन्न खोज्नुभएको हो भने प्रभावित पार्नेले अर्को मन्त्रालयमा बसे पनि फरक पार्ला, सरकारमा बसे मात्रै पनि पार्ला । त्यसैले यो विषयलाई राजनीतीकरण नगरौँ ।'

सुशासनको संकल्प लिएर आफूले सरकारको नेतृत्व गरेदेखि नै ठूलाठूला भ्रष्टाचार, सुन तस्करी, जग्गा हिनामिनालगायतका काण्डहरूको छानबिन भइरहेको र यसलाई अझै प्रभावकारी बनाइने उनको भनाइ थियो । 'त्यसैले, सुशासन कायम गर्ने विषयमा सरकारले कहीँकतै सम्झौता गर्दैन । मैले बारम्बार भनेको छु, यदि दोषी देखिए मसमेत कारबाहीको दायरामा आउन तयार छु,' उनले भने ।

## कांग्रेसले माग्यो संसदीय छानबिन समिति

प्रमुख प्रतिपक्षी कांग्रेसले देशभरका तमाम सहकारी ठगी प्रकरणको छानबिन गर्न संसदीय समिति गठनको माग गरेको छ । प्रतिनिधिसभा बैठकमा कांग्रेस प्रमुख सचेतक रमेश लेखकले सहकारीको रकम अपचलन, ठगी र दुरुपयोगमा उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछाने संलग्न रहेको भन्दै निष्पक्ष छानबिनका लागि संसदीय समिति जरुरी रहेको बताए । संसदीय समिति गठन नभए संसद् अवरुद्ध गर्न बाध्य हुने चेतावनी उनले दिए ।

कुनै मन्त्री अनुसन्धानको घेरामा परेको वा प्रश्न उठ्यो वा राज्यको निकायले अनुसन्धान गर्नुपर्ने स्थिति भएमा पदमा रहन नहुने सिद्धान्त सदनमा स्थापित भएकाले पनि लामिछानेको राजीनामा मागेको लेखकको भनाइ छ । उनले यस विषयमा प्रधानमन्त्रीले दिएको जवाफ चित्तबुझ्दो नभएको पनि बताए ।

कांग्रेसले अनावश्यक राजनीतीकरण गर्नुभएन भनेर गरेको प्रतिरक्षामा आफूहरूको चित्त नबुझेको उल्लेख गर्दै लेखकले सोधे, 'बरु हामीलाई थप चिन्ता भयो, गलत सूचना लिएर प्रधानमन्त्रीजी नै अँध्यारोमा हुनुहुन्छ भने अब यो कुराको निष्पक्ष छानबिन होला ?'

प्रमाण नै छैन भन्ने प्रधानमन्त्रीको जवाफमा लेखकले सूर्यदर्शन सहकारीबाट लामिछानेको नाममा पुलेसो कर्जा खडा गरी पेस्की फर्स्योट गरेको विषय प्रमाण होइन भनेर प्रश्न गरे । लामिछानेविरुद्ध प्रहरीमा दिएको जाहेरी प्रमाण होइन भनेर लेखकले सोधे ।

दर्ता नं. : २७८४/०६६/०६७

**हाम्रो मिलिजुली एकता**
**बचत तथा ऋण सहकारी संस्था लि.**
**नागार्जुन न.पा.-१, रानीवन, काठमाडौं, नेपाल**
फोन नं.: ९८४१२५५६९३, ९८४१६११५६१, ९८४१३५४३५३, ९८४१६८६२३०

**कर्जा चुक्ता गर्न आउने १५ दिने सार्वजनिक सूचना**

यस सहकारी संस्थाबाट विभिन्न मितिमा कर्जा (ऋण) लिई पटक-पटक लिखित, मौखिक तथा सामाजिक सञ्जाल र व्यक्तिगत घरदैलो प्रत्यक्ष भेटघाटबाट ताकेता गर्दासमेत कर्जाको साँवा, ब्याज र हर्जना रकम नतिरी नबुझाई बक्यौता बाँकी राख्नु भएका ऋणीहरुलाई आजको मितिले १५ दिन भित्र साँवा, ब्याज र हर्जनासमेतको रकम चुक्ता गर्न अनुरोध गरिन्छ । अन्यथा कानूनबमोजिम सम्बन्धित प्रहरी कार्यालय, सम्मानित जिल्ला अदालतमा मुद्दा गरी वा अन्य कुनै उपयुक्त व्यवस्था गरी ऋणी वा जमानी (साक्षी)बाट समेत असुलउपर गर्ने व्यहोरा सरोकारवाला ऋणीहरुमा यसै सार्वजनिक सूचनाबाट जानकारी गराइएको छ ।

## तिरो बुझाउँछन्...

पृष्ठ १ बाट क्रमशः

कि उचित मुआब्जा दिनुपर्छ भन्ने हाम्रो माग हो ।'उनका अनुसार स्थानीय १७ परिवारको ६ बिघा सात कट्ठा नौ धुर जग्गा ज्वालामाई गणमातहत पुगेको छ । शान्ति पुनर्स्थापनासँगै प्रशासन, सिंहदरबार धाइरहेका पीडितले माग पूरा नभएपछि शनिबार भालुवाङमा प्रदर्शन गरे । प्लेकार्डसहित पाखापानीदेखि भालुवाङसम्म प्रदर्शन गरेका स्थानीयले गणले भोगचलन गर्दै आएको जग्गा स्थानीयलाई फिर्ता दिनुपर्ने माग गरे । मधुसुदन सुवेदीको परिवार पनि पीडित हो । उनको सात कट्ठा जग्गा छ, राप्ती गाउँपालिकामा पोत पनि बुझाउँछन् । तर, भोगचलन गर्न पाएका छैनन् । 'हामी तीन भाइको जग्गा त्यहाँ छ, भोगचलन भने गर्न पाएका छैनौँ,' उनले भने ।

### ५१ वर्षदेखिको किचलो

भालुवाङमा जग्गाको किचलो भएको ५१ वर्ष भइसकेको छ । मधुसुदन सुवेदीका अनुसार प्युठान, अर्घाखाँचीका बासिन्दाले भालुवाङमा जग्गा किनेका थिए । केही वर्ष खेती पनि गरे । तर, महेन्द्र राजमार्ग बन्ने भएपछि तत्कालीन पञ्चहरूले अहिले 'यो ठाउँ छाडिदिनुस्, सडक आयोजनाको कार्यालय बस्छ, पछि घरसहित पाउनुहुन्छ,' भनेका थिए । 'बुवा मनुकान्त (हाल दिवंगत)ले एक बिघा पाँच कट्ठा जग्गा किन्नुभएको थियो,' सुवेदीले भने, 'दुई वर्ष मात्र खेती गरी खान पायौँ ।' हाल सशस्त्र प्रहरी गण रहेको क्षेत्रमा घिमिरे परिवारका घर थिए, बाँकी छेउछाउ बसेका थिए । सुवेदीका अनुसार महेन्द्र राजमार्ग विस्तार सकिएपछि भालुवाङ-प्युठान सडक बन्ने भयो । केही वर्षका लागि भनेर फेरि स्थानीयलाई थमथमाइयो । तर, पछि सडकको कार्यालय नै बस्यो, हुलाक पनि त्यहीँ स्थापना भएको थियो ।

सशस्त्र प्रहरी बसेको ०५८ मा मात्र हो । सशस्त्र प्रहरी बलका प्रवक्ता राजेन्द्र खड्का पनि सशस्त्र प्रहरी गठन हुनुअघि त्यहाँ नेपाल प्रहरीको तालिम केन्द्र रहेको बताउँछन् । 'त्यहाँ धेरै समस्या छैन, केही मिलाउनुपर्ने विषय छ, हाम्रो टोलीले मिलाउँछ,' उनले संक्षिप्त प्रतिक्रिया दिए ।सशस्त्र द्वन्द्व चर्किएपछि गणवरपरको जग्गा पनि अधिग्रहण गरिएको थियो । त्यसअघि नै गणमा परेको जग्गाको मुआब्जा ०६० मा दिन खोजिए पनि सरकार र स्थानीयबीच सहमति जुट्न नसकेको जिल्ला प्रशासन कार्यालय दाङले जनाएको छ । 'यो विषयमा धेरै कुरा त तत्काल जानकारी भएन । तर, पहिले मुआब्जामा कुरा नमिलेको भन्नेछ,' दाङका सहायक प्रमुख जिल्ला अधिकारी सावित्रा पुनले संक्षिप्त प्रतिक्रिया दिइन् ।

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा निर्देशनालय
**स्वास्थ्य सेवा कार्यालय, हुम्ला**
सिमकोट, हुम्ला, नेपाल

**भुलसुधार**

मिति २०८०/१२/४ गते नयाँ पत्रिका दैनिकमा प्रकाशित **राशन सिदा खुवाउने कार्यको सिलबन्दी बोलपत्र आह्वान** सम्बन्धी सूचनाको विवरण मिति **२०८१ साल बैशाख १ गतेदेखि लागू हुने गरी मिति २०८१ पौष मसान्तसम्म** हुनु पर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

**नबिल बैंक लिमिटेड, अत्तरखेल शाखा, काठमाडौं तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना**

(प्रकाशित मिति : २०८०/१२/०७)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको नाम र ठेगानाको विवरण**

देउ बहादुर थापाको छोरी, बाबुराम तामाङको बुहारी, सुभाष तामाङको श्रीमती, स्याङ्जा जिल्ला अर्जुन चौपारी गा.वि.स. वडा नं. ४ स्थायी घर भई हाल काठमाडौं जिल्ला गोकर्णेश्वर न.पा. वडा नं. ०४ बस्ने, ना.प्र.नं. ७५१४४ (जारी मिति: २०६१/०१/१०, स्थान स्याङ्जा) भएकी **श्रीमती डिल माया थापा ।**

**व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

नर बहादुर तामाङको नाति, बाबुराम तामाङको छोरा, दोलखा जिल्ला नाम्दु गा.वि.स. वडा नं. २ स्थायी घर भई हाल काठमाडौं जिल्ला गोकर्णेश्वर न.पा. वडा नं. ०४ बस्ने, ना.प्र.नं. ३२८३८/२६०९ (जारी मिति: २०६०/०९/२५, स्थान दोलखा) भएका **श्री सुभाष तामाङ ।**

**धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरण :**

स्याङ्जा जिल्ला अर्जुन चौपारी गा.वि.स. वडा नं. ४ स्थायी घर भई हाल काठमाडौं जिल्ला गोकर्णेश्वर न.पा. वडा नं. ०४ बस्ने, **श्रीमती डिल माया थापा**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाडौं जिल्ला, गोकर्ण गा.वि.स. वडा नं. १ सिट नं. १क मा अवस्थित कि.नं. ७५० क्षेत्रफल ०-३-०-२ रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय, भक्तपुर

यस कार्यालय अन्तर्गत तपसिलमा उल्लेखित करदाताहरु छानबिन तथा अनुसन्धानका लागि छनोट भएकोमा करदाता दर्ता हुँदाको अवस्थामा उपलब्ध गराएको ठेगाना तथा अभिलेखमा उल्लेखित टेलिफोन/मोबाईल नम्बरमा सम्पर्क स्थापित गर्न प्रयास गरिएकोमा सम्पर्क हुन नसकेकोले तपसिल बमोजिमको आ.व. हरुको कारोबारसंग सम्बन्धित सम्पूर्ण खाता, बहि, बिल बिजक लगायतका कागजात सहित उपस्थितिको लागि मिति २०८०/११/०४ मा राष्ट्रिय दैनिक नयाँ पत्रिकामा सूचना प्रकाशन गरिएकोमा तोकिएको म्याद भित्र सम्पर्क गर्न नआएका र प्रमाण कागजात पेश नगरेको तपसिल बमोजिमका फर्म/कम्पनी/प्रा.लि. हरुको आयकर ऐन, २०५८ र मु.अ.कर ऐन, २०५२ बमोजिम कारण र आधार सहित कर निर्धारण गर्नु नपर्ने कुनै प्रमाण भए यो सूचना प्राप्त भएको मितिले १५ दिन भित्र पेश गर्न हुन अनुरोध छ । अन्यथा आयकर ऐन, २०५८ र मु.अ.कर ऐन, २०५२ बमोजिम कर निर्धारण भई जाने व्यहोरा समेत जानकारी गराईन्छ ।

| सि.नं. | फर्म/प्रा.लि.को नाम | स्था.ले.नं. | आ.व. | फर्मको ठेगाना | संचालक/प्रोपाईटर | संचालक/प्रोपाईटरको ठेगाना |
|---|---|---|---|---|---|---|
| १ | गुरु गणेश निर्माण एण्ड सप्लायर्स | ६०२११७०४३ | २०७३/७४ र २०७४/७५ | सूर्यबिनायक-४, दधिकोट, भक्तपुर | बीरेन्द्र बहादुर कार्की | मझुवा-४, सिन्धुपाल्चोक |
| २ | आर.सि.एल सप्लायर्स | ६०६८२२७४५ | २०७४/७५ | सूर्यबिनायक-१०, भक्तपुर | म. अरिफ मिया | बीरगंज-२९, पर्सा |
| ३ | आर.के.एम. ट्रेडिङ्ग प्रा.लि. | ६०६८२८१७४ | २०७४/७५ | सूर्यबिनायक-९, नलिनचौक, भक्तपुर | महमद जवि उल्लाह | बीरगंज-३१, पर्सा |

## सुन काण्डमा...

पृष्ठ १ बाट क्रमशः

एसपी सञ्जयसिंह थापा, डिएसपीहरू दुर्गा दाहाल र रुगम कुँवरले समेत अभियुक्तलाई जोगाउन भूमिका खेलेको देखिएको भन्दै आयोगले कारबाही सिफारिस गरेको थियो । अन्य केही अवकाशप्राप्त प्रहरी अधिकारी र बहालवाला कर्मचारीलाई समेत निगरानीमा राख्न भनिएको छ । पूर्वसभामुख कृष्णबहादुर महरालाई मुद्दा नै चलाउन सिफारिस भएको आधारमा उनी सोमबार पक्राउ परिसकेका छन् ।

## ११ जिल्लाका सिडिओ फेरिए

गृह मन्त्रालयले मंगलबार २२ सहसचिव र उपसचिवको सरुवा गरेको छ । जसमा ११ जिल्लाका प्रमुख जिल्ला अधिकारी फेरिएका छन् ।

संखुवासभामा सहसचिव ध्रुवबहादुर खड्का, अर्घाखाँचीमा सूर्यबहादुर खत्री, लमजुङमा बुद्धबहादुर गुरुङ र ओखलढुंगामा नारायण ढकाललाई खटाइएको छ । त्यस्तै, रोल्पामा खिमबहादुर रायमाझी, जाजरकोटमा ऋषिराज आचार्य, धनुषामा रामुराज कडरिया, खोटाङमा शिवकुमार कार्की, दार्चुलामा यज्ञराज जोशी, तेह्रथुममा मीना अर्याल र ताप्लेजुङमा रवीन्द्र आचार्यलाई सिडिओ बनाइएको छ । गृहले सिडिओ सरुवासम्बन्धी नयाँ कार्यविधि बनाएर सरुवा गरेको हो । सरुवा गर्दा वरिष्ठ र अनुभवीलाई प्राथमिकता दिइने र सहसचिवलाई पहिलोपटक जिम्मेवारी दिँदा ख वा ग वर्गका जिल्लामा मात्र जिम्मेवारी दिइने उल्लेख छ । अध्यागमन विभागको महानिर्देशकको जिम्मेवारी कोषहरि निरौलालाई दिइएको छ । विभागको महानिर्देशक रहेका रुद्रसिंह तामाङविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएपछि उनी निलम्बनमा परेसँगै विभाग नेतृत्वविहीन थियो ।

**Gajuri Rural Municipality**
**Office Of The Rural Municipal Executive**
**GAJURI-1, DHADING**
**BAGMATI PROVINCE, NEPAL**

**INVITATION FOR BIDS (IFB)**

**First Date of publication: - 20 March, 2024**
**Last date of bid Submission: - 12 PM; 19 April, 2024**

Gajuri Rural Municipality, Gajuri-1, Dhading, invites Electronic Bids from eligible bidders for the construction of work given in table below under National Competitive Bidding (NCB) Procedures.

| SN | Contract Identification No. | Name of Contract | Estimated Amount (without VAT & contingencies) | Bid security amount (NRs.) | Bid security validity period (days) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | GRM/W/NCB-11/2080/081 | Trishuli Nadi Bange Raigaun Lift Sinchai | 21,55,027.69/- | 60,000/- | 120 | 3,000/- |

Bidder shall download the bidding documents, prepare their bids and submit their electronic bids through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp as specified in the instruction to bidders before the date specified above. The bids will be opened at 12:15 hrs. on 2024/04/19 in the presence of the bidders' representatives who choose to attain in.

**CHIEF ADMINISTRATIVE OFFICER**

# प्रधानमन्त्रीसँग प्रश्नोत्तर

## भ्रष्टाचारविरुद्ध सरकारले शून्यसहनशीलता लिएको प्रधानमन्त्रीको दाबी, अपराधमा संलग्न जोसुकै व्यक्ति वा समूहलाई कारबाहीको दायरा ल्याउने प्रतिबद्धता

**कमलराज भट्ट**/नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सरकारले भ्रष्टाचारविरुद्ध शून्यसहनशीलताको नीति लिएको र यसका लागि आवश्यक सबै कदम चाल्न तयार रहेको बताएका छन् । प्रतिनिधिसभामा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रममा प्रधानमन्त्री प्रचण्डले भ्रष्टाचार नियन्त्रण गर्न आवश्यक नीतिगत, कानुनी तथा संस्थागत सुधार गरिने बताए ।

सांसदहरूले प्रधानमन्त्री प्रचण्डसमक्ष भ्रष्टाचार नियन्त्रण, विकास निर्माण र किसानको समस्यादेखि सुशासनसम्म १३ जना सांसदले प्रश्न राखेका थिए ।

**गंगा कार्की**ले भ्रष्टाचारका फाइलमा तीव्रता दिने विषयमा सरकारको योजनाबारे प्रधानमन्त्रीसमक्ष प्रश्न राखेका थिए । जवाफमा प्रधानमन्त्री प्रचण्डले भ्रष्टाचारविरुद्ध शून्यसहनशीलताको नीति लिएको सरकार मिटरब्याज, भुटानी शरणार्थी, सुन तस्करी, सरकारी जग्गा हिनामिनालगायत जुनसुकै विषय वा क्षेत्रका आपराधिक क्रियाकलापको निष्पक्ष र तथ्यपरक अनुसन्धान तथा छानबिन गरी यस्ता कार्यमा संलग्न व्यक्ति वा समूहलाई कानुनी कारबाहीको दायरमा ल्याउन दृढ रहेको बताए । उनले भ्रष्टाचार नियन्त्रण गर्न आवश्यक नीतिगत, कानुनी तथा संस्थागत सुधार गर्ने विषय सरकारको उच्च प्राथमिकतामा रहेको सुनाए ।

**गोकुल बाँस्कोटाले** मध्यपहाडी पुष्पलाल लोकमार्गको दूरी छोट्याउने सरकारको



योजना, मदन भण्डारी विश्वविद्यालयको निर्माणको सुरुवात, सुनकोशी तेस्रो जलविद्युत् आयोजनाको अवस्था र निर्माण योजनाबारे प्रश्न राखेका थिए ।

जवाफमा प्रधानमन्त्री प्रचण्डले आफ्नो पहिलो कार्यकालमा एक हजार आठ सय ७९ किलोमिटर लामो मध्यपहाडी राजमार्ग निर्माणको रेखांकन गरिएको उल्लेख गर्दै एक हजार दुई सय ५९ किलोमिटर सडक डेडिकेटेड डबल लेनमा स्तरोन्नति भइसकेको र एक सय ३७ मध्ये ३३ वटा पुल निर्माण सम्पन्न भइसकेको बताए ।

**चन्द्रबहादुर विश्वकर्माले** रुकुम पश्चिमखण्डको पितिवाङ खोलाको पुल, जाजरकोट नलगाड नगरपालिका- १० रम्दा र रुकुम पश्चिम आठबिसकोट नगरपालिका- ३ खदी जोड्ने सडक पुल, जाजरकोट र रुकुम पश्चिम जोड्ने भेरी नदीको सडक पुलको निर्माण अलपत्र परेको, रुकुम पश्चिमको चौरजहारीमा हवाई उडान सञ्चालन नभएको विषय राखेका थिए ।

प्रधानमन्त्री प्रचण्डले जाजरकोट र रुकुम पश्चिम जोड्ने भेरी नदी पुल निर्माण अलपत्र पार्ने ठेक्का तोडेर अर्को ठेक्काको तयारी भइरहेको र पितिवाङ खोला पुलको ठेकेदार सम्पर्क आएर काम सम्पन्न गर्ने प्रतिबद्धता जनाएको जवाफ दिए । चौरजहारी विमानस्थल सञ्चालन गर्न सरकार आवश्यक प्रबन्धमा लागिरहेको उनको भनाइ थियो ।

**गंगाप्रसाद यादव**ले तराई-मधेशलाई मरुभूमिकरणबाट जोगाउने योजना, तराई-मधेशको विकासमा बजेट कटौतीको विषय र नयाँ सरकारबाट परिवर्तनको आशा गर्ने नीति कार्यक्रमबारे जिज्ञासा राखेका थिए ।

प्रधानमन्त्री प्रचण्डले राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रमलाई प्रभावकारी बनाउन चुरे संरक्षण तथा व्यवस्थापन गुरुयोजना परिमार्जन भई स्वीकृतिको प्रक्रियामा रहेको र आवश्यकता र प्राथमिकताको आधारमा तीनै तहका सरकारका चालू आर्थिक वर्षको बजेट नघट्ने गरी सम्बोधन गर्न नीतिगत व्यवस्था गरिएको बताए । चुरे क्षेत्रको संरक्षण र व्यवस्थापनमा जलवायु वित्त परिचालन गरी सञ्चालन भइरहेको चुरे उत्थानशीलता आयोजनालाई अझै सशक्त बनाइने उनको भनाइ थियो ।

**चन्दा कार्की** भण्डारीले नागरिकलाई स्वास्थ्यसम्बन्धी मौलिक हक प्रत्याभूत गराउने माध्यम स्वास्थ्य बिमा कार्यक्रम नै रहेको भन्दै यो लागू गरेको साढे सात वर्षसम्म देशभर ४३.१४ प्रतिशतबाहेक आधाभन्दा बढी नागरिक पहुँचबाहिर रहेको प्रश्न उठाएकी थिइन् ।

प्रधानमन्त्री प्रचण्डले वैशाखबाट छुट्टै रिफिल काउन्टरमार्फत औषधिको उपलब्धता र उपचार प्रक्रिया सरल बनाउने, आधारभूत अस्पतालबाट बिमा सेवा सुरु गर्ने र निजी तथा सामुदायिक अस्पतालहरूसमेत सूचीकृत गरी सेवा विस्तारका तयारी भइरहेको बताए ।

**चन्द्रकान्त भण्डारी**ले गरिबी, अराजकता, कुशासनको समाधानको उपाय र जलन अस्पताल निर्माण कहिले भनेर सोधेका थिए । प्रधानमन्त्री प्रचण्डले जनताको अपेक्षाअनुसार सुशासन कायम गरेर सामाजिक निराशालाई चिर्न सरकारले कदमहरू चालिरहेको र सामाजिक सुरक्षा, रोजगारलगायतका कतिपय कार्यहरू अघि बढेको उल्लेख गर्दै अझै प्रभावकारी ढंगले अगाडि बढाउने बताए ।

कीर्तिपुरको बर्न अस्पताललाई जलनको प्रमुख अस्पतालका रूपमा विस्तार गर्न सरकारबाट अनुदान दिने प्रक्रिया अघि बढेको र वीर, त्रिवि शिक्षण र पाटन अस्पतालमा जलन युनिट स्थापना गरी सेवा विस्तार गरिन लागेको प्रधानमन्त्रीले बताए । प्रदेशमा रहेका केन्द्रीय अस्पतालहरूमा समेत जलन युनिट स्थापना गरी मध्यम प्रकारका जलनको उपचार गर्ने र कडा किसिमका लागि रेफरल गर्ने व्यवस्था मिलाइने उनको भनाइ थियो ।

**जनार्दन शर्मा**ले संघीयता कार्यान्वयनसम्बन्धी कानुन निर्माणमा ढिलाइ, प्रदेश प्रहरी समायोजनमा आलटाल, जाजरकोट, बझाङ र डोटीमा भूकम्पपछिको पुनर्निर्माणको योजनाबारे जिज्ञासा राखेका थिए ।

प्रधानमन्त्री प्रचण्डले संघीयता कार्यान्वयन गर्न आवश्यक ऐन निर्माण सरकारको उच्च प्राथमिकतामा रहेको उल्लेख गर्दै निजामती कर्मचारीसँग सम्बन्धित ऐनलगायत कतिपय ऐनहरू मस्यौदा तयार भई सदनमा प्रवेश भइसकेका छन् र कतिपय मस्यौदाको चरणमा रहेको बताए ।

अन्तिम प्रश्नकर्ताका रूपमा **चित्रबहादुर केसी**ले बागुङबाट गल्कोट सेवा केन्द्र लैजाने प्रतिबद्धता कार्यान्वयन कहिले हुन्छ भनेर जिज्ञासा राखेका थिए । प्रधानमन्त्री प्रचण्डले बागलुङको गल्कोटमा इलाका प्रशासन कार्यालय नै स्थापना गर्ने विषयमा सरकारले आवश्यक तयारी गरिरहेको जवाफ दिए ।

## ■ कांग्रेसको अबको रणनीति

# सदनमा सशक्त, वडासम्म पुग्ने अभियान

**केशवप्रसाद पाण्डे**/नयाँ पत्रिका

कांग्रेसले गृहमन्त्री रवि लामिछाने सहकारी ठगी प्रकरणमा जोडिएकाले उनकै नेतृत्वमा गृह मन्त्रालयले निष्पक्ष अनुसन्धान गर्न नसक्ने भन्दै उनीमाथि नै पनि छानबिन गर्नुपर्ने माग संसद्मा गरिरहेको छ । कांग्रेसको माग सम्बोधन गर्दै मंगलबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गृहमन्त्री लामिछानेमाथि छानबिन गर्नुपर्ने कुनै आधार नभएको सदनलाई जवाफ पनि दिएका छन् । तर, प्रधानमन्त्रीको जवाफमा कांग्रेस सन्तुष्ट देखिएको छैन ।

२१ फागुनमा सत्तासमीकरणमा भएको फेरबदलसँगै प्रतिपक्षमा पुगेको कांग्रेस सदनमा सशक्त भूमिकामा र समुदायमा देखिने रणनीतिका साथ अघि बढेको छ । पछिल्लो समय विशेष गरी सहकारी प्रकरणमा नाम जोडिएका गृहमन्त्री रवि लामिछानेको विषयमा कांग्रेस नेताहरूको प्रश्न केन्द्रीत देखिन्छ । प्रमुख सचेतक रमेश लेखक प्रतिपक्षको हैसियतमा कांग्रेसले समसामयिक विषयलाई प्राथमिकताका साथ प्रस्तुत गरिरहेका बताउँछन् । उनी सुन, सहकारी, मिटरब्याजपीडितसहित समसामयिक विषयमा र सुशासनको मुद्दामा केन्द्रित बनेको दाबी गर्छन् । प्रमुख सचेतक लेखक कांग्रेसले नयाँ विषय उठान गरेको नभई समसामयिक विषयलाई सशक्त रूपमा उठाएको जिकिर गर्छन् ।

साथै, कांग्रेसको गतिविधि समुदायमा केन्द्रित गर्न वडा तहसम्म केन्द्रित हुने तयारी भइरहेको छ । प्रवक्ता डा. प्रकाशशरण महत तत्काल सदनमा प्रभावकारी भूमिकामा देखिने र केन्द्रीय समिति बैठकबाट थप रणनीति तय गरेर अगाडि बढ्ने बताउँछन् । यससँगै यसअघि रोकिएको समुदायमा कांग्रेस अभियानलाई निरन्तरता दिने बताउँछन् । साथै, केन्द्रीय समिति बैठक बोलाएर थप रणनीति तय गर्ने तयारीमा रहेको उनको भनाइ छ ।

कांग्रेसले यसका लागि यसअघि रोकिएको समुदायमा कांग्रेस अभियानको दोस्रो चरणलाई समेत निरन्तरता दिने तयारी थालेको छ । यसका लागि महामन्त्रीद्वय विश्वप्रकाश शर्मा र गगन थापाले गृहकार्य गरिरहेका छन् । महासमिति बैठकको प्रस्तावअनुसार संगठन संरचनालाई चलायमान गराउने गरी अभियान लैजाने तयारी गरेको छ । यस्तै ७ देखि १० सम्म गोदावरीमा सम्पन्न महासमिति बैठकको निर्णयलाई अन्तिम रूप दिने भएको छ । महासमिति बैठकले बैठकबाट प्राप्त सुझावलाई समेटेर केन्द्रीय समितिले



● **रमेश लेखक**, प्रमुख सचेतक, कांग्रेस



प्रतिपक्षको हैसियतमा हामीले उठाएका विषय नयाँ होइनन् । समसामयिक विषयअन्तर्गत सहकारी ठगी प्रकरण, सुन प्रकरण, मिटरब्याजपीडितको समस्यालाई सदनमा उठाएका छौँ । प्रतिपक्षका रूपमा हामीले समसामयिक विषय र सुशासनको मुद्दालाई प्राथमिकताका साथ उठाइरहेका छौँ ।

● **डा. प्रकाशशरण महत**, प्रवक्ता, कांग्रेस



तत्काल हामी सदनमा प्रतिपक्षको भूमिकालाई प्रभावकारी बनाउन लागिपर्छौं । त्यसका लागि संसद्को प्लेटफर्म प्रयोग गरिरहेका छौँ । बाँकी रणनीति केन्द्रीय समिति बैठकबाट तय गरे अगाडि जान्छौँ । फागु पूर्णिमालगत्तै केन्द्रीय समिति बैठक बोलाउने तयारी छ ।



● **गेजा शर्मा**, राजनीतिक विश्लेषक

पछिल्लो समय कांग्रेसले सदनमा फरक विषयमा फरक-फरक पात्रलाई प्रतिनिधित्व गराएर सशक्त देखिन चाहेको छ । सरकारमा जिम्मेवारी नरहेको समयमा समुदायमा पुगेर कांग्रेसलाई चिनाउने तयारी गरिरहेको देखिन्छ ।

निर्णयको रूप दिने निर्णय गरेको थियो । समीकरण परिवर्तनसँगै सरकारलाई विश्वासको मतबाट रोक्न सभापति शेरबहादुर देउवासहितका नेताहरू दौडधुपमा थिए । यसका लागि कांग्रेसले लोकतान्त्रिक गठबन्धनसमेत बनाएर अगाडि बढेको थियो । तर, कांग्रेसको यो प्रयासले मूर्त रूप लिन सकेको छैन । साथै, राष्ट्रिय सभा अध्यक्षमा उम्मेदवारी दिँदा रणनीतिक रूपमा लोसपालाई समर्थकका रूपमा प्रस्तुत गरेको थियो ।

पछिल्लो राजनीतिक घटनाक्रमलाई नजिकबाट नियालेका विश्लेषक गेजा शर्मा वाग्ले कांग्रेसको पछिल्लो सदनमा फरक-फरक विषयमा फरक पात्रलाई समसामयिक विषयमा धारणा राख्ने शैली अपनाएको विश्लेषण गर्छन् । साथै, सरकारको जिम्मेवारीबाट फुर्सदको समयमा समुदायमा केन्द्रित हुने तयारीमा लागेको उनको बुझाइ छ ।

विश्वासको मतपछि कांग्रेसले प्रदेशमा आफू नेतृत्वका सरकार बनाउने र जोगाउने प्रयासमा केन्द्रित गरिरहेको छ । सोमबार गण्डकीमा मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले राजीव गुरुङ (दीपक मनाङे)लाई भौतिक पूर्वाधार तथा यातायातमन्त्री बनाएका छन् । मनाङेले कांग्रेस नेतृत्वको सरकारलाई समर्थन गर्न आइतबार मात्र एकीकृत समाजवादी त्यागेका थिए । ६० सदस्यीय गण्डकी प्रदेश सभामा बहुमतको सरकार गठनका लागि ३१ सदस्यको समर्थन आवश्यक हुन्छ । हाल गण्डकीमा गठबन्धनको २८ (एमाले २२, माओवादी सभामुखसहित आठ) मत छ । कांग्रेस २७ र राप्रपाको दुई मत गरी विपक्षमा २९ मत छ । नयाँ गठबन्धनभित्रैका दलको नेतृत्वमा सरकार गठन गर्न राप्रपाको समर्थनविना असम्भव छ । बहुमतको सरकार गठनका लागि थप एक मत आवश्यक पर्छ । राप्रपाले मत दिएमा मात्रै कांग्रेस सरकार जोगाउन सम्भव छ ।

## तर, बलियो छैन नैतिक धरातल

बालकृष्ण खाणलाई नक्कली भुटानी शरणार्थी प्रकरणमा निलम्बन गर्ने विषयमा कांग्रेसको केन्द्रीय समिति बैठकमा लामो विवाद भएको थियो । तर, कांग्रेसले खाणलाई निलम्बन गर्न सकेन ।

टेरामेक्स खरिद प्रकरणमा नाम जोडिएपछि तत्कालीन सञ्चारमन्त्रीको हैसियतमा मोहन बस्नेत अख्तियारमा बयान दिन पुगेका थिए । यो विषयलाई तत्कालीन प्रतिपक्षी दल एमालेले निरन्तर सदनमा आवाज उठाँउदै राजीनामाका लागि दबाब दिएको थियो । भ्रष्टाचार प्रकरणमा जोडिएपछि प्रधानमन्त्री प्रचण्डले समेत असन्तुष्टि जनाउँदै कांग्रेस सभापति शेरबहादुर देउवालाई हटाउन भनेका थिए । तर, कांग्रेसले यो विषयलाई बेवास्ता गरेको थियो । कांग्रेस सबै विषयलाई एक रूपमा हेर्न नमिल्ने तर्क गर्छ । कांग्रेस प्रवक्ता महत गृहमन्त्री लामिछानेको 'कन्फ्लिक्ट अफ इन्ट्रेस्ट' देखिएकाले छानबिनको माग गरिएको बताए । उनले राज्यका निकायबाट छानबिन गरी सत्यतथ्य बाहिर ल्याउने विषयमा नै सरकार बाधक बनेको उनको तर्क छ । 'हामीले पार्टीमा आरोप लागेकाहरूको विषयमा अनुसन्धानलाई कहिल्यै पनि असहयोग गरेका छैनौँ । उहाँ (मोहन बस्नेत)लाई अख्तियारले बुझ्न बोलाएको हुन सक्छ त्यसवेला के भएको थियो भनेर । उहाँले अनुसन्धानलाई सहयोग गर्नुभएको छ । तर, गृहमन्त्रीको त सहकारीको सन्दर्भमा 'कन्फ्लिक्ट अफ इन्ट्रेस्ट' नै देखिएको छ । निष्पक्ष अनुसन्धान गरौँ सम्बन्धित निकायबाट र सत्यतथ्य पत्ता लगाऔँ भनेका हौँ । तर, यसका लागि उहाँहरू तयार हुनुभएन,' उनले नयाँ पत्रिकासँग भने ।

२१ फागुनमा सरकार फेरबदल हुँदा कांग्रेसले गृहमन्त्री लामिछानेलाई प्रधानमन्त्री अफर गरेको विषयसमेत बाहिर आएको थियो । रास्वपा नेताहरूले कांग्रेसबाट प्रस्ताव आएको दाबी गरिरहेका छन् । कांग्रेसले भने यस विषयमा कुनै सत्यता नरहेको बताउँदै आएको छ । प्रवक्ता महत यो विषय रास्वपाले आफ्नो फाइदाका लागि अनर्गल प्रचार गरेको दाबी गर्छन् । 'हामीले कसैलाई प्रधानमन्त्रीको अफर गरेका छैनौँ । अफवाह फैलाइयो,' उनले भने । रास्वपा उपसभापति तथा श्रम तथा रोजगारमन्त्री डोलप्रसाद अर्यालले सभापति लामिछानेलाई प्रधानमन्त्रीको अफर आएको र यसको प्रमाण सुरक्षित रहेको बताएका थिए । २ चैतमा संसद् भवन परिसरमा उनले सञ्चारकर्मीसँग प्रतिक्रिया दिँदै प्रमाण सुरक्षित रहेको बताएका थिए । ३० फागुनमा प्रधानमन्त्री प्रचण्डले विश्वासको मत लिने क्रममा रास्वपा उपसभापति डा. स्वर्णिम वाग्लेले समेत यसको प्रमाण रहेको संसद्मा बताएका थिए । उनले कांग्रेसलाई चुनौती नै दिएका थिए । उनले भनेका थिए, 'गृहमन्त्री बन्दा खोजिने नैतिकता प्रधानमन्त्री अफर गर्दा पनि खोजिनुपर्ने हो नि, यहाँ डर छ, च्याप्प समाएर प्रधानमन्त्री, उपप्रधानमन्त्री बनाइदेलान् भनेर भागीभागी हिँड्नुपरेको छ । कांग्रेसका पुराना मित्रहरूलाई थाहा छ म प्रमाणबेगर नबोल्ने मान्छे हुँ । हेक्का रहोस्, सक्कली कांग्रेस र नक्कली कांग्रेस खोज्दै हिँड्ने कुरा पनि भएन ।'

## प्राध्यापक विष्ट हत्याका मुख्य योजनाकार १६ वर्षपछि पक्राउ

**काठमाडौं**/ मीनभवन क्याम्पसमा प्राध्यापन गर्ने ललितपुर मनपा- २२ शंखमूलका ३३ वर्षीय धर्मराज विष्टको हत्याका मुख्य योजनाकार घटनाको १६ वर्षपछि पक्राउ परेका छन् । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएका प्रहरी टोलीले मुख्य योजनाकार धादिङ गंगा जमुना गापा- ७ की ४१ की सबिता थापा (अधिकारी) भनिने सोभिता थापालाई पक्राउ हालै गरेको हो । उनको योजनामा विष्टलाई २६ असार ०६४ मा शंखमूलमा रड प्रहार गरी हत्या गरिएको थियो । घटनामा संलग्नमध्येका विनोद थापा र राजीव पाण्डे जेल सजाय भुक्तान गरी छुटिसकेका छन् । विनोद सविताका सहोदार भाइ हुन् । अनुसन्धान कार्यालयका प्रमुख एसएसपी सोमेन्द्रसिंह राठौरले विष्ट हत्याको मुख्य योजनाकार सविता रहेको र उनलाई १६ वर्षपछि पक्राउ गरिएको बताए । उनले भने, '१६ वर्षअघि विष्टको हत्या भएको थियो । घटनामा संलग्नमध्ये केहीले जेल सजाय भुक्तान गरे । केही फरार थिए । सोहीमध्येकी एक हुन् साविता । उनलाई ललितपुरस्थित उनकै घरबाट पक्राउ गरेका हौँ ।' प्रहरीका अनुसार सविता ०६४ मा मीनभवनस्थित नेपाल कमर्स क्याम्पसमा अध्ययन गर्थिन् । सोही क्याम्पसमा विष्टले अध्यापन गराउँथे । यही क्रममा विष्ट र साविता आपसमा नजिकिएका थिए । दुईबीच विवाद भयो । विष्टले जिस्काएको भन्दै सविताले भाइ विनोदलाई सुनाएकी थिइन् । विनोदले अन्य सहयोगी भेला गरेर विष्टको बाटो ढुके । उनीहरूले विष्टलाई शंखमूलमा फेला परे र रडले टाउको तथा शरीरमा प्रहार गरे । घाइते भएका विष्ट घटनास्थलमै अचेत भएर ढले । अस्पताल लगिए पनि उनको उपचारका क्रममा मृत्यु भएको थियो ।

# रिडी पावर कम्पनीका अध्यक्ष न्यौपाने सम्पत्ति शुद्धीकरणमा दोषी ठहर

**काठमाडौं**/ विशेष अदालतले रिडी पावर कम्पनीका अध्यक्ष गुरुप्रसाद न्यौपानेलाई सम्पत्ति शुद्धीकरणमा दोषी ठहर गरेको छ । अध्यक्ष न्यौपानेमाथि कसुर कायम गरे पनि यसै मुद्दाका अर्का प्रतिवादी कुवेरमणि नेपालले भने सफाइ पाएका छन् । विशेषका अध्यक्ष टेकनारायण कुँवर तथा सदस्यहरू रामबहादुर थापा र मुरारीबाबु श्रेष्ठको इजलासले पाँच महिनाअघि दायर मुद्दामा यस्तो फैसला गरेको हो । विशेष अदालतले न्यौपानेमाथि कसुर कायम गर्दै सजाय निर्धारणका लागि १५ चैतको पेसी तोकेको छ । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले सञ्चारमाध्यममा आएका समाचारलाई आधार मान्दै न्यौपाने र नेपालमाथि अनुसन्धान सुरु गरेको थियो । जसपछि दुवैले सम्पत्ति शुद्धीकरण गरेको दाबीसहित यसै वर्ष १३ कात्तिक उनीहरूविरुद्ध मुद्दा चलाइएको थियो । विभागले रिडी पावर कम्पनी लिमिटेडमा अध्यक्ष पदमा रहँदा न्यौपाने र नेपाल मिलेर करोडौँ रकम 'इन्साइडर ट्रेडिङ'बाट कमाएको खुलेको थियो । न्यौपानेले उक्त कम्पनीको सेयर खरिद-बिक्री गरेको भेटिएको थियो । अर्का प्रतिवादी नेपालले भने यस कार्यमा न्यौपानेलाई सहयोग गरेको दाबी विभागको थियो । उनीहरू दुवैको मिलेमतोमा १९ चैत ०७७ देखि २४ साउन ०७८ सम्म सेयर खरिद-बिक्रीबाट अवैध आय गरेको भेटिएको थियो । यस क्रममा एक करोड ९९ लाख रुपैयाँभन्दा बढी आर्जन गरेको दाबी विभागले गरेको थियो ।

नेपाल धितोपत्र बोर्डले इन्साइडर ट्रेडिङ गरेको भन्दै न्यौपानेमाथि कारबाहीसमेत गरेको थियो । बोर्डको अनुसन्धानले आरोप पुष्टि भएपछि न्यौपानेलाई १० वर्षसम्म कुनै पनि पब्लिक कम्पनीमा सञ्चालक हुन नपाउने गरी कारबाही गरेको थियो । मंसिर ०७९ मा निर्णय गर्दै बोर्डले न्यौपानेलाई ७५ हजार रुपैयाँ जरिवाना हुनेसमेत जनाएको थियो । न्यौपानेमाथि इन्साइडर ट्रेडिङको अभियोगमा जिल्ला अदालत काठमाडौंमा समेत मुद्दा विचाराधीन छ ।

## व्यापारी नरेश अग्रवालसहित चारविरुद्ध सम्पत्ति शुद्धीकरण मुद्दा

**काठमाडौं**/ सम्पत्ति शुद्धीकरण गरेको आरोपमा व्यापारी नरेश अग्रवालसहित चारजनाविरुद्ध मुद्दा दायर भएको छ । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले अग्रवालसहित दीपक शाह ठकुरी, मनमोहन साह कलवार र दिवस कार्कीलाई प्रतिवादी कायम गरेर मंगलबार मुद्दा दायर गरेको हो । गैरकानुनी स्रोत रूपान्तरण र हस्तान्तरण गरेको, निषेधित कसुरबाट प्राप्त रकमको कारोबार गरेको देखिएको विभागको आरोप छ । कसुरबाट आर्जित सम्पत्ति विभिन्न व्यक्तिमार्फत बैंक खाता तथा नगदसमेत प्राप्ति गरेको, बैंक खातामा जम्मा र खर्च गरेको, मौज्दात राखेको र त्यसबाट लाभसमेत लिएर प्रयोग गरेको देखिएको विभागको दाबी छ । सम्पत्तिको गैरकानुनी स्रोत लुकाउने, छल्ने र प्राप्ति एवं प्रयोगसमेत गरी गराई सम्पत्ति शुद्धीकरण गरेको ठहर विभागको छ । विभागले यस प्रकरणका प्रमुख नरेश अग्रवालविरुद्ध आठ करोड ३२ लाख ८५ हजार रुपैयाँ बिगो दाबी गरेको छ । त्यस्तै, दीपक शाह ठकुरीविरुद्ध आठ करोड ८२ लाख ३९ हजार ५६५, दिवस कार्कीविरुद्ध सात करोड १२ लाख २० हजार २९२ र मनमोहन साह कलवारविरुद्ध तीन करोड ७५ लाख २९ हजार ८१५ रुपैयाँ बिगो दाबी गरेको छ ।

## संक्षेप

### नेसपा यादव पक्षले तोक्यो प्रदेश इन्चार्ज र अध्यक्ष

**काठमाडौं**/ नेपाल समाजवादी पार्टी महिन्द्र राय यादव पक्षले प्रदेश इन्चार्ज र अध्यक्ष तोकेको छ । मंगलबार बसेको यादव पक्षको बैठकले प्रदेशमा नयाँ इन्चार्ज र अध्यक्ष मनोनीत गरेको हो । बैठकले कोशी इन्चार्जमा राजेन्द्रकुमार किराँती, अध्यक्षमा विमला भट्टराई, मधेश इन्चार्जमा देवेन्द्र यादव, अध्यक्षमा प्रमोद यादव, बागमती इन्चार्जमा अक्कलबहादुर थिङ, अध्यक्षमा वन्दना सुवेदी, गण्डकी इन्चार्जमा रमेश पोखरेल, अध्यक्षमा ढाकाराम गौतम, लुम्बिनी अध्यक्षमा उमाशंकर यादव, सुदूरपश्चिम इन्चार्जमा मणिराज बडू, अध्यक्षमा विनोद चन्द, कर्णाली इन्चार्जमा देवीबहादुर बुढाथोकीलाई मनोनीत गरेको छ । बैठकले माओवादीसँग पार्टी एकताको विषयमा भएको तीनबुँदे निर्णयसमेत अनुमोदन गरेको अध्यक्ष यादवले बताए । यसअघि सोमबार मात्रै डा. बाबुराम भट्टराई पक्षले आगामी माघमा महाधिवेशन गर्ने निर्णय गर्दै नेताहरूको जिम्मेवारी तोकेको थियो । यादव पक्षका नेताहरूको जिम्मेवारी तोकिएको थिएन ।

### एमाले कञ्चनपुरको अध्यक्षमा बुढा चयन

**कञ्चनपुर**/ एमाले कञ्चनपुरको अध्यक्षमा लक्ष्मी बुढा चयन भएकी छिन् । बिहीबारदेखि सुरु भएको एमाले कञ्चनपुरको नवौँ अधिवेशनबाट अध्यक्षमा बुढा चयन भएकी हुन् । अधिवेशन उद्घाटनलगत्तै बन्दसत्रमा सहमति हुन नसकेपछि चुनावी प्रक्रियामा गएकोमा अन्ततः सहमतिपछि पदाधिकारी टुंगो लगाइएको हो । यसअघि आठौँ अधिवेशनबाट उपाध्यक्षमा निर्वाचित बुढा कावा अध्यक्ष हुँदै अहिले सुप प्रदेश एमाले नौवटै जिल्लामध्ये पहिलो महिला नेतृत्वमा पुगेकी हुन् । उपाध्यक्ष जनकराज अवस्थी, सचिव पल्लवराज भट्ट, उपसचिवद्वय अशोक चन्द, राजीव खड्का चयन भएका छन् । सहमतिमा पदाधिकारी टुंगो लगाए पनि केही पदाधिकारी र सदस्यमा देखिएका नेता-कार्यकर्ताले असन्तुष्टि जनाउँदै सोमबार पार्टी कार्यालयमा तालाबन्दीदेखि धर्ना गरेका थिए । ४ सय ६४ जिल्ला अधिवेशन प्रतिनिधिको भावनाविपरीत आफूअनुकूल माथिबाटै पदाधिकारी छान्ने काम भएको भन्दै असन्तुष्टि जनाउँदै तालाबन्दीदेखि धर्नामा बसेका थिए ।

### पेस्तोलसहित डाँका पक्राउ

**सर्लाही**/ बरहथवाबाट सर्लाही प्रहरीले हरियारसहित दुईजना डाँकालाई पक्राउ गरेको छ । सोमबार राति बरहथवा नगरपालिका- ६ मगर टोलबाट हतियारसहित भारतको सीतामणि सैराहा ग्राम सैराहा बस्ने २८ वर्षीय सन्नीकुमार सिंह र मोतीहारी गंगापिपराका २४ वर्षीय जितेन्द्रकुमार राउतलाई पक्राउ गरेको हो । पक्राउ परेका दुवैलाई जिल्ला प्रहरी कार्यालय सर्लाहीमा मंगलबार पत्रकार सम्मेलन गरी सार्वजनिक गरिएको हो । जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार उनीहरू बरहथवा क्षेत्रमा कोठा भाडामा लिएर बस्दै आएका थिए । उनीहरू बस्ने डेरामा प्रहरीले घेरा हालेर खानतलासी सुरु भएपछि प्रहरीमाथि नै गोली चलाएका थिए । उनीहरूको साथबाट एक थान मेड इन युएसए लेखिएको पेस्तोल र ६ राउन्ड गोली तथा एक राउन्ड खोका बरामद गरेको कार्यालयका प्रमुख प्रहरी निरीक्षक दयानिधि ज्ञावालीले जानकारी दिए । पक्राउ परेकाहरू भाग्न खोज्दा प्रहरीले गोलीसमेत चलाएको थियो । घटनामा कार्यालयका प्रहरी जवान रमेश विश्वकर्मा र प्रहरी जवान दीपेश चौहानसमेत सामान्य घाइते भएका छन् । प्रहरीले पाँच राउन्ड गोली चलाएको प्रहरी निरीक्षक ज्ञावालीले जानकारी दिए ।

## ■ तत्काल पाठ्यपुस्तक ढुवानी गर्न जनक शिक्षालाई मन्त्रालयको निर्देशन

# अझै १४ लाख थान पाठ्यपुस्तक छाप्न बाँकी

**शिवहरि घिमिरे**/नयाँ पत्रिका

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले तत्काल पाठ्यपुस्तक ढुवानी गर्न जनक शिक्षा सामग्री केन्द्रलाई निर्देशन दिएको छ । यसअघि १५ चैतदेखि ढुवानी गर्नुपर्ने तालिका तयार पारिएको थियो । तर, पाठ्यपुस्तक सम्बन्धित स्थानीय तह तथा विद्यालयमा पुग्न समय लाग्ने भन्दै मन्त्रालयले मंगलबार पत्र काट्दै केन्द्रलाई तत्काल पाठ्यपुस्तक ढुवानी थाल्न निर्देशन दिएको हो ।

शिक्षा मन्त्रालयका सचिव सुरेश अधिकारीका अनुसार ढुवानी गर्न समय लाग्ने र दुर्गम क्षेत्रमा ढुवानीमा थप समय लाग्ने भएकाले तत्कालै ढुवानी सुरु गर्न निर्देशन दिएको हो । 'नयाँ शैक्षिक सत्र सुरु हुन धेरै समय छैन, अझै पाठ्यपुस्तक छाप्न बाँकी छ, पालिका-पालिकामा पुऱ्याउन समय पनि लाग्छ,' उनले भने, 'सोही कारण ढुवानी छिटो गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गरेका हौँ ।' उनका अनुसार पुरानो समय तालिकाअनुसार १५ चैतदेखि पाठ्यपुस्तक ढुवानी गरिने योजना थियो । तर, त्यसरी ढुवानी गर्दा कतिपय स्थानमा ढिलो पाठ्यपुस्तक पुग्ने



भएकाले तत्काल वितरण गर्न निर्देशन दिइएको छ ।

मन्त्रालयले निर्देशन दिए पनि कक्षा पाँचको केही पाठ्यपुस्तक छापिन भने अझै बाँकी छ । मन्त्रालयका सचिव अधिकारीका अनुसार १४ लाख पाठ्यपुस्तक छापिन बाँकी छ भने केन्द्रले दैनिक एक लाख प्रति छापिरहेको जनाएको छ । तर, अब ढुवानी थाल्दै गर्दा चैत महिनाभरि सबैतिर पाठ्यपुस्तक पुगिसक्ने मन्त्रालयले जनाएको छ । जनक शिक्षाले स्थानीय तहहरूमा पाठयपुस्तक पुऱ्याउनेछ । यसपटक १ देखि ४ कक्षासम्मको पाठ्यपुस्तक निजी छापाखाना र त्यसभन्दा माथिल्लो तहको पाठयपुस्तक जनक शिक्षालाई छाप्न जिम्मा दिइएको थियो ।

### पाठ्यपुस्तक छापाइमा साढे दुई अर्ब

मन्त्रालयको निर्देशनपछि पाठ्यक्रम विकास केन्द्रले पनि जनक शिक्षा सामग्री केन्द्रलाई पाठ्यपुस्तक छपाइमा तीव्रता दिन र ढुवानी गर्न निर्देशन दिएको छ । यस वर्ष १ देखि १२ कक्षासम्मको पुस्तक छपाइमा साढे दुई अर्ब रुपैयाँ खर्च हुने अनुमान छ भने सो तहमा दुई करोड ६० प्रति थान किताब प्रकाशन गरी वितरण गरिँदै छ । पाठ्यपुस्तकमा ठूलो लगानी हुने भएकाले पुस्तकलाई जतन गर्न बालबालिकालाई सिकाउन आवश्यक रहेको पाठ्यपुस्तक विकास केन्द्रका महानिर्देशक वैकुण्ठप्रसाद अर्यालको भनाइ छ । 'पाठ्यपुस्तक छपाइमा तीव्रता छ भने ढुवानी पनि तीव्र रूपमा हुन्छ, पाठ्यपुस्तकमा राज्यको लगानी ठूलो छ, तर दोहोऱ्याएर पढ्न मिल्ने पुस्तक विद्यार्थीले धुजाधुजा पार्छन्, पुस्तक जतन गर्न जान्दैनन्,' उनले भने, 'त्यसकारण यसबारेमा विद्यार्थीलाई जानकारी दिन सके राज्यको लगानी जोगिन सक्छ ।' उनका अनुसार यस वर्ष चैतको अन्तिमसम्म पुस्तक स्कुल-स्कुलमा पुगिसक्छ । हाल सरकारी विद्यालयको बालविकास तहदेखि कक्षा १२ सम्म ५६ लाखभन्दा बढी विद्यार्थी छन् । मन्त्रालयले दुर्गम क्षेत्रलाई ध्यानमा राखेर पाठ्यपुस्तक ढुवानी गर्नेछ । दुर्गम क्षेत्रमा ढुवानी गर्न समय लाग्छ भने सहरी क्षेत्रमा पाठ्यपुस्तक वितरण गर्न सहज छ । सोही कारण मन्त्रालयले सर्वप्रथम दुर्गम क्षेत्रमा पाठ्यपुस्तक वितरण गर्न जनक शिक्षालाई निर्देशन दिएको हो । यसअघि आइतबार शिक्षामन्त्री सुमना श्रेष्ठ पाठ्यपुस्तक छपाइको अवस्था बुझ्न जनक शिक्षा सामग्री केन्द्र पुगेकी थिइन् ।

# हाम्रो राजनीतिमाथि प्रश्न

## आफूले चुनेको नेतृत्व भ्रष्ट, घुसखोर तथा बिचौलियालाई जोगाएर उनीहरूकै संरक्षक बनेको दृश्य जनताले हेर्न चाहेका थिएनन्



● प्रेमप्रसाद ढकाल

अग्रलेख


जनताको ठूलो बलिदान र लामो संघर्षले ल्याएको परिवर्तनबाट जनताले जुझारु, शक्तिशाली र इमानदार नेतृत्व खोजेका थिए। बोलीवचनमा मात्र होइन, कर्ममा पनि नेतृत्व इमानदार बनोस् भन्ने चाहेका थिए। मुलुकको विकासका लागि शासन, सुशासन र अनुशासन जरुरी हुन्छ। भ्रष्टले हदैसम्मको सजाय पाउनुपर्छ। जनता अनुशासनमा बस्नुपर्छ। रानीतिक दल र त्यसको नेतृत्व जनताप्रति उत्तरदायी हुनुपर्छ। देशको विकास, जनताको समृद्धि र सुशासन सरकारको लक्ष्य हुनुपर्छ। सम्भावनाका हिसाबले हाम्रो देश बनाउनै नसकिने अवस्थामा पुगेको छैन। चुनौती छन्, समस्या पनि बग्रेल्ती होलान्, तर व्यवस्थापन गर्न नसकिने खालका छैनन्। नीति, नियम र योजना तर्जुमा गर्दा त्यसको निर्दिष्ट लक्ष्य कहाँसम्मको हो र यो कहिलेसम्म पूरा गर्न सकिन्छ र गर्नुपर्छ, सो प्रस्ट हुनुपर्छ। विकासका लागि पूर्वाधारको समय कति र उत्पादन व्यवस्थापनको समय कति हो, निश्चित गरिनुपर्छ। स्थानीय उत्पादनलाई सहयोग नगर्ने, स्वदेशमै रोजगारी दिन नसक्ने र कार्यान्वयन हुन गाह्रो हुने खालका योजना छन् भने तिनलाई सुरुमै हटाउनुपर्छ। योजना बनाएर मात्रै हुन्न, त्यसको फलदायी उपलब्धि आउनुपर्छ भन्नेतिर जनताको आकर्षण थियो, तर नेतृत्वको ध्यान त्यतातिर पुगेन। अझै पनि नेतृत्व अलि गम्भीर र निःस्वार्थी भयो भने परिवर्तन टाढा छैन। यो आमविश्वासको कुरा हो।

बहुदलीय व्यवस्था र लोकतन्त्रको उपयोग गर्ने नाममा हामी जानेर वा नजानेर धेरै ठाउँमा धेरैपटक चुकिसक्यौं। यति हुँदा पनि जनताले राजनीतिक दल र तिनका नतृत्वका गफमा विश्वास गरेर पटक-पटक साथ दिइरहे। भ्रष्टाचारलाई निर्मूल गरी स्थानीय उत्पादन बढाउने, रोजगारी दिने र महँगीविरुद्ध सडकमा आई जनतालाई साथ दिने नेतृत्व जनताले खोजेका थिए। भ्रष्टाचार गर्ने र कर नतिर्नेको कालो धनलाई प्रयोग नगर्ने नेतृत्व जनताको रोजाइमा थियो, तर त्यसो हुन सकेन। भाइभतिजा र आफन्तको लावालस्करभित्र हौसिएको नेतृत्व बनोस् भन्ने मत जनताको थिएन। आफूले चुनेको नेतृत्व भ्रष्ट, घुसखोर तथा बिचौलियालाई जोगाएर उनीहरूकै संरक्षक बनेको दृश्य जनताले हेर्न चाहेका थिएनन्, तर अहिले भयो त्यस्तै। नेतृत्वमा भागबन्डा गर्ने, अनियमितितामा एक हुने र नियम, कानुन र पद्धतिको उल्लंघन गर्दै सेटिङ मिलाएर बिचौलियामार्फत स्वार्थ पूरा गरी आफू चोखो देखाउने होडबाजी हाबी भयो। हरेक निकायका नेतृत्व तहको यो भित्री मुखौटो बिस्तारै खुल्दै गएको आभास जनतालाई भएको छ। जनताले चुनेर पठाएका नेताहरूको अहिले को-कस्ता व्यक्तिसँग उठबस छ ? उनीहरूबाट भए गरेका र गराइएका कामले समाजमा कस्तो असर पारेका छन् ? र जनताको कस्तो प्रतिक्रिया आइरहेछ ? यी सबै कुरा कसैलाई बताइरहनु जरुरी छैन। सबै सार्वजनिक नै छ। नेतृत्वमा पुगेका ठूला दल र त्यसका शीर्ष नेतृत्वको मिलिभगत निर्णयलाई नै सर्वमान्य सिद्धान्त बनाउन खोज्नु सार्वभौम जनताको अपमान हो। यसको बदला जनताले कुनै न कुनै दिन अवश्यक लिनेछन्।

अहिलेको पुस्ताले गाउँ देखेन होला। पैदल हिँडेन होला। दुःख, अभाव के हो, बुझ्देन होला। त्यति धेरै संघर्ष या आन्दोलन गरेको पनि देखेको छैन होला, तर उसलाई अहिले विश्वमा कहाँ के भइरहेको छ, त्यो सबै थाहा छ। अमेरिका, बेलायत, जापान, चीनमा के-कस्ता सम्भावना थिए ? उनीहरूले समस्या र चुनौतीको सामना कसरी गरे ? र, त्यो स्तरसम्मको विकासमा पुग्न उनीहरूलाई कति समय लाग्यो ? यो सबै अहिलेको पुस्तालाई राम्रै थाहा छ। नयाँ-नयाँ प्रविधिको पर्याप्त ज्ञान छ, ऊसँग।

विकासका सम्भावना पहिल्याएर अगाडि बढ्न सक्ने प्रचुर सामार्थ्य छ। विषयको विज्ञता पनि छ। तर, उसलाई काम गर्ने ठाउँ र अवसर भने छैन। देशभित्र जति पनि आयोग, समिति र उपसमिति बन्छन्, जति पनि देशमा राजदूतावास छन्, ती सबैमा दल र नेताको भागबन्डा छ। मन्त्रालय मन्त्रालयमा भागबन्डा छ।

सार्वजनिक निकाय सबैतिर भागबन्डा छ। सम्बन्धित क्षेत्रको विज्ञता, कामको अनुभव, सीप, कौशल केही चाहिन्न। पार्टीको झोला बोकेको भरमा नियुक्ति पाइन्छ। स्कुल, कलेज, विश्वविद्यालय जहाँसुकै सेटिङ छ। शिक्षा क्षेत्र होस् या स्वास्थ्य, नेताको सिन्डिकेटकै दबदबा छ। यो सिन्डिकेटले विज्ञता चिन्दैन, मात्र आफ्नो हो कि होइन भनेर हेर्छ। आफूलाई हेर्छ। तर, राज्यसत्तालाई आफ्नो पार्टीको, आफ्ना मान्छेको र आफूअनुकूलको बनाएर आमजनताको भविष्यमाथि




कुठाराघात गर्ने छुट कसैलाई पनि छैन।

हामी कस्तो प्रणाली बसाउन खोज्दै छौं ? भावी पुस्तालाई के सिकाउँदै छौं ? सोचौं। यस्तो प्रणालीले देश उँभो लाग्दैन। विज्ञताको कदर गर्न सिकौं। विश्व अर्थतन्त्रको मालिक बन्न छिमेकी देश चीन त्यो प्रतिस्पर्धामा अब्बल भएर किन अगाडि बढिरहेको छ ? आफूलाई विश्व अर्थतन्त्रको मालिक ठान्ने राष्ट्रहरू किन हायलकायल भइरहेका छन् ? चीन आर्थिक रूपमा मात्रै होइन, आधुनिक प्रविधिमा पनि उदाउँदो राष्ट्र हो। ऊसँग अर्थतन्त्रको सबलीकरणलाई ध्यान दिने मात्रै नभई विभिन्न आधुनिक प्रविधि र प्रशासनिक निकायलाई चुस्त र दुरुस्त सञ्चालन गर्न सक्ने विषयगत विज्ञको नेतृत्व छ। चाहे पार्टीको उच्च ओहोदामा होस् वा प्रशासनिक निकायको नेतृत्वमा होस्, त्यहाँ विश्वका विभिन्न ख्यातिप्राप्त विश्वविद्यालयबाट पढेर आएका विज्ञ व्यक्तिकै नेतृत्व छ। उसको नेतृत्वमा चल्ने टिम छ। त्यो समूह निश्चित समयभित्र नतिजामुखी परिणाम ल्याउन निरन्तर क्रियाशील छ। यसरी उदाएको छ चीन। तर, हाम्रोमा सिन्डिकेटका नाममा पाखा लगाइएका र दलको झोला बोक्न नचाहेका सर्यौं विषयविज्ञ बिदेसिन बाध्य छन्।

> मुलुक दिन-प्रतिदिन अझ अधोगतितिर गइरहेको छ। परनिर्भरता बढेको छ। रेमिट्यान्सको भरमा देश थामिएको छ। आर्थिक, सामाजिक, शैक्षिक तथा स्वास्थ्य क्षेत्रको अवस्था डामाडोल छ। बेरोजगारीदर भयावह छ। यस्तोमा हाम्रो राजनीतिक नेतृत्वले के हेरिरहेको छ ?

राज्यको पहुँचमा पुगेकाहरूसँग आफू सुविधा लिने र नेता रिझाउनेबाहेक अको केही काम छैन अनि कसरी हुन्छ राष्ट्रको उन्नति ?

देशको विकास र जनताको समृद्धि सजिलै प्राप्त हुने विषय होइन। यसका लागि दूरदर्शी नेतृत्वको खाँचो पर्छ। विकासका पूर्वाधार के-के हुन् ? कसरी चलाउने ? कहाँबाट सुरु गर्ने ? त्यसको प्रस्ट ज्ञान हुनुपर्छ। जनताको रोजीरोटी मुख्य कुरा हो। पहिलो ध्यान त्यहाँ जानुपर्छ। गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा तथा नागरिकको जिउधनको सुरक्षा प्राथमिकताका विषय हुन्। मानव संसाधनमा व्यापक लगानी गर्दै कृषिलाई इन्टरप्राइजेजका रूपमा लिएर गुणस्तरीय पूर्वाधार विकास गरी उत्पादनकेन्द्रित आयोजना निर्माणमा हामी किन धेरै पछि छौं ? त्यहाँ गम्भीर हुनुपर्छ। हाम्रो भूगोल सुहाउँदा अग्ला-अग्ला डाँडा आफैंमा 'भ्यू टावर' हुन्, तर तिनै अग्ला डाँडामा भ्यू टावर बनाउने नाममा हामीले अर्बौं खन्यायौं। बाटो लाने नाममा भइरहेका खेतीयोग्य जमिन मासेर तथा बस्ती उजाड पारियो। न त्यसले उत्पादन दियो न त रोजगारी नै। उल्टै रातारात गाउँ रित्तिँदै गए। खेतबारी बाँझा भए। सहर भरिँदै गयो। बेरोजगारको संख्या थपिँदै गयो। विदेश जाने युवाको लस्कर झनै बढ्यो। भ्यू टावर र बाटोले अरू के दियो ? आर्थिक निर्भरता बढाउन उत्पादन कति बढ्यो ? रोजागारी कति दियो ? ग्रामीण क्षेत्रका जनताको रोजीरोटीमा के-कति परिवर्तन आयो ? समीक्षा गरौं। गरिबीबाट माथि उठेका विश्वका देशहरूले ग्रामीण विकासको क्षेत्रमा गरेका कामबाट सिकौं। आन्तरिक राष्ट्रियता बलियो बनाउँदै उत्पादनमुखी रोजगारी सिर्जना गरौं। आत्मनिर्भर बनौं। सबै शक्ति मिलेर वैदेशिक हस्तक्षेपविरुद्ध एक भएर लडौं। अहिले चलाइएको र चलिरहेको राजनीतिक सिन्डिकेटलाई स्वार्थकेन्द्रित चिन्तनबाट निकालेर जनताकेन्द्रित बाटोतिर मोडौं। जनतामारा राजनीतिक सिन्डिकेट बन्द गरौं।

सधैं सबैलाई समयले जिम्मेवारी दिँदैन। मानिस समयले दिएको नेतृत्वदायी जिम्मेवारीलाई कुशलतापूर्वक पूरा गरेर महान् बन्ने हो। चीनका देङ स्याओ पिङ, मलेसियाका महाथिर मोहमद, सिंगापुरका ली क्वान यू, दक्षिण अफ्रिकाका नेल्सन मन्डेलाहरू सपना बोकेर देश बनाउन अएका नेता थिए। समयले उनीहरूलाई मौका दियो। उनीहरूले निःस्वार्थ भई काम गरे र जनताको विश्वास जिते। देश बनाएरै छाडे। विश्व इतिहासमा महान् बने। नेताहरूले चाहेर लागिपरे भने देश बन्न समय लाग्दैन भन्ने उदाहरण दिए उनीहरूले। तर, हाम्रो भने अवस्था सधैं उही रहयो। मुलुक दिन-प्रतिदिन अझ अधोगतितिर गइरहेको छ। परनिर्भरता बढेको छ। रेमिट्यान्सको भरमा देश थामिएको छ। आर्थिक, सामाजिक, शैक्षिक तथा स्वास्थ्य क्षेत्रको अवस्था डामाडोल छ। बेरोगारीदर भयावह छ। युवा तथा सक्षम र योग्य जनशक्ति पलायन भइरहेको छ। नेताहरू व्यक्तिगत तथा दलगत सत्तास्वार्थमा केन्द्रीकृत छन्। राजनीति विषाक्त छ। दिशाहीन र दिग्भ्रमित बन्दै गएका नेताहरूको उत्तेजक राजनीतिक भाषणबाट जनता वाक्क भएका छन्। गोयबल्स शैली अपनाएर भए पनि नेताहरू सत्तामा टिकिरहन चाहन्छन्, तर जनताको बुझाइ र समयको बहाव नेताहरूले सोचेभन्दा फरक भइसकेको छ। सुधिने हो भने अब नेताहरू बदलिनुपर्छ। जनतामा भ्रम नछरी आफ्ना कमजोरी सुधार्नुपर्छ। व्यवस्थाभित्रका कमजोरी हटाई सही सूचना मात्र जनतामा सम्प्रेषण गर्नुपर्छ। समय अझै छ। यदि देश र जनताप्रति समर्पित हुन चाहने हो भने पहिला आफूलाई बदल। सपना देख। आफ्ना मान्छे बदल। मन बदल। रीत बदल। परम्परा बदल। यदि कतै पनि बदलिन सकेनौ भने समयानुसार बदलिँदै गएका जनताको आक्रोशले मान्छे मात्र होइन, व्यवस्था नै बदल्न सक्छ। त्यतिबेला तिम्रो सिन्डिकेटको सुमेरु घुम्ने ती यावत् मान्छे को कसको दैलो कुर्न कहाँ पुग्छन्, ठेगान हुँदैन।

*(ढकाल अध्यापक हुन्)*

---

## ३ प्रश्न

नेपाल प्रहरीका पूर्वएआइजी **राजेन्द्रसिंह भण्डारी**लाई



**सुन तस्करी, नक्कली भुटानी शरणार्थी प्रकरणजस्ता गम्भीर प्रकृतिका अपराधमा उपल्लो तहका राजनीतिक नेतृत्व जोडिनुलाई के भन्नुहुन्छ ?**

संगठित अपराधमा संलग्न व्यक्ति या समूहले ठुलो लगानी गर्नुपर्ने भएकाले जोखिम उठाउन चाहँदैनन्। आफू र आफ्नो समूहको लगानी र गतिविधिलाई सुरक्षित गराउन उनीहरूले विशेष 'नेक्सस' खडा गरेका हुन्छन्। यस्तो नेक्सस उनीहरू आफैंले बनाउँछन् भने त्यसका लागि सहज 'एक्सेस' चाहिँ राजनीतिक नेतृत्वले दिन्छ। अपराध कर्ममा संलग्न ठुला डन या गिरोहले बजारको अध्ययन गरी नेक्सस बनाउँछन् र त्यसलाई निर्वाध सञ्चालन गर्न राजनीतिक नेतृत्वको एक्सेस खोज्छन्। यसमा हाम्रा कतिपय राजनीतिक नेतृत्वले व्यक्तिगत लाभलाई हेरेर एक्सेस दिन्छन् र अपराध कर्ममा जोडिन्छन्। लोकतन्त्रको आगमनपछि हाम्रा सबैजसो प्रणाली कमजोर भएको अवस्थामा राजनीतिक नेतृत्वको साथ र सहयोगमा संगठित अपराध मौलाएको छ।

**राजनीतिक नेतृत्व अपराध कर्ममा प्रवृत्त हुनुमा प्रहरी अधिकारीको साथ र सहयोग कति जिम्मेवार हुन्छ ?**

राज्य संयन्त्रका सञ्चालकहरूको प्रभाव राज्यका सबै अंगमा परी नै हाल्छ। राजनीतिक नेतृत्वले राज्यका अंगहरूलाई विशेष 'टुल्स' का रूपमा प्रयोग गर्छ। यस्तो अवस्थामा उसले आफूबाट सजिलै परिचालित हुन सक्ने प्रहरी कर्मचारीलाई आफूले चाहेको स्थानमा खटाउँछ र आफूले चाहेको काम गराउँछ।

**प्रहरी अधिकारीले राजनीतिक नेतृत्वको भन्दा कानुनको आदेश पालना गर्न सक्दैन ?**

यो व्यक्ति, व्यक्तिमा भर पर्छ। कतिले सक्छन् र कतिले सक्दैनन् या चाहँदैनन्। राजनीतिक नेतृत्वको आदेश नमान्दा पनि प्रहरी अधिकारी नै कारबाहीमा पर्छन् भने आदेश मान्दा पनि अप्ठ्यारो पारेका वेला तिनै आदेशपालक कारबाहीमा पर्छन्। जे गरे पनि अचानो बन्ने प्रहरी नै हो।

---

प्रेरक प्रसंग

## नेपोलियन र बिरामी राजकुमारी

नेपोलियन बोनापार्टको विजय अभियान जोडदार रूपमा चलिरहेको थियो। एकपटक उनी युद्धकै क्रममा अस्ट्रियाको राजधानी भियना पुगे, तब उनले सन्धि प्रस्ताव लिएर आफ्ना विशेष दूत पठाए। तर, नेपोलियनका दूतको नगरवासीले निर्ममतापूर्वक हत्या गरे। यो घटनापछि नेपोलियन अत्यन्त क्रुद्ध भए र नगरलाई चारैतिरबाट घेरेर फ्रान्सेली तोपबाट आगो बर्साउँदै नगरका भवनहरू ध्वस्त पार्न आदेश दिए। नेपोलियनको सेनाले व्यापक आक्रमण गरिरहेको समयमै अचानक नगरको ढोका खुल्यो र एउटा दूत शान्तिको झन्डा लिएर बाहिर आए। ती दूतले नेपोलियनसामु उभिएर नम्र स्वरमा भने, 'सम्राट्, रिसानी माफ होस्, तपाईंका तोपले जहाँ गोला बर्साइरहेका छन्, त्यहीं नजिकै हाम्रा सम्राट्की छोरी बिरामी परिरहेकी छिन्। उनी उठेर हिँड्न सक्ने अवस्थामा छैनन्। त्यहाँ थप केही क्षण गोलाबारी भयो भने सम्राट् आफ्नी बिरामी छोरीलाई छोडेर अन्त कतै जान विवश हुनेछन्।' यो कुरा थाहा पाएपछि नेपोलियनका सेनानायकले हर्षित हुँदै भने, 'सम्राट्, हामीले विजय पाउनै लागेका छौं। यस्तो स्थितिमा युद्धको नियमअनुसार सोही स्थानमा गोलाबारुद बर्साउनु आवश्यक छ। हामीले आफ्नो आक्रमणलाई रोक्नुहुँदैन।' सेनानायकका कुरा सुनेर नेपोलियनले गम्भीर हुँदै भने, 'युद्धनीतिअनुसार तपाईंले भनेको ठीक हो। तर, हामीले युद्धमै पनि मानवतालाई हेर्नुपर्छ। मानवताको नीतिअनुसार रुग्ण राजकुमारीमाथि हामीले दया गर्नैपर्छ।' आफ्ना सेनानायकलाई यति भनेर उनले आफ्नो सुनिश्चित भइसकेको विजयलाई सन्दिग्ध बनाउने खतरा उठाएर आफ्ना तोप त्यहाँबाट हटाउने आदेश दिए।



---

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

## तारकेश्वर नगरप्रमुखलाई प्रश्न

काठमाडौं जिल्लाको तारकेश्वर नगर प्रवेश गर्ने मुख्य मार्गमध्ये नेपालटारको बाटोबाट पुल तरेर ११ नं. वडामा प्रवेश गर्नासाथको सडकको दुरवस्थाबारे स्थानीय कसैले यसै पत्रिकामा केही दिनअघि लेखेको पढेको थिएँ। सायद तपाईंले पढ्न पाउनुभयो कि भएन, थाहा भएन। तपाईंको नगरपालिका प्रवेश गर्ने अर्को बाटो अष्टनारायण हल हुँदै वडा नं. ४ को वडा कार्यालयबाट अघि बढ्ने सडकको मुखमै करिब ५० मिटरजति सडक अत्यन्त साँघुरो हुँदा कहिलेकाहीं आधा घन्टासम्म जाममा बस्नुपर्छ। त्यहीमाथि पुराना र जीर्ण घर भत्किएर कतिखेल थिचिनुपर्ने हो, डरैडर छ। के उचित मुआब्जा दिएर ती दुईचार घर अधिग्रहण गरी सडक फराकिलो पार्न सकिन्न नगरप्रमुखज्यू ?

● **सुनयन शर्मा**, तारकेश्वर-४, काठमाडौं

## नेताहरूले आफ्नो मर्यादा भुलेपछि

पूर्वसभामुख तथा गृहमन्त्री कृष्णबहादुर महरा सुन तस्करीको आरोपमा पक्राउ परेका छन्। पटक-पटक सांसद तथा मन्त्री र सभामुखसमेत भइसकेका महरालाई नपुग्दो केही थिएन। तैपनि, उनले आफ्नो मर्यादा भुलेपछि अहिलेको अवस्था आएको हो। उनी दोषी छन् या छैनन्, त्यो त अदालतले निर्क्योल गर्ने नै छ। तर, अहिलेलाई आफ्नो मर्यादा भुलेपछि उनीमाथि प्रश्न उठ्ने मौका भने उनैले दिएका छन्।

● **सुकीर्ति पाण्डे**
रविभवन, काठमाडौं

## चलकहरूलाई अनुरोध

पछिल्ला दिनमा एकपछि अर्को सवारी दुर्घटना भइरहेका छन्। दुर्घटनामा परी कैयौंको ज्यान गएको छ भने कैयौं घाइते भएका छन्। दुर्घटनाले दिने पीडा भोग्ने व्यक्ति र उसको परिवारले मात्र महसुस गर्न सक्छन्। यसले धेरैलाई जीवनभर पीडा मात्र दिन्छ। दुर्घटनाका विभिन्न कारणमध्ये चालकको लापरबाही नै प्रमुख हो। चालकहरू सचेत भइदिने हो भने अधिकांश दुर्घटना रोक्न सकिन्छ। त्यसैले सचेत बनौं।

● **स्वस्तिका कठायत**
गौरीघाट, काठमाडौं

## दादागिरीको पराकाष्ठा

देशको सर्वोच्च अदालत परिसरबाट मेडिकल व्यवसायी दुर्गा प्रसाईंका बडीगार्ड दीपक खड्का र रामकुमार धिमालको साथबाट प्रहरीले मेसिनगन बरामद गरेको छ। राजधानीमा दिउँसै मेसिनगन बोकेर हिँड्नुपर्ने किन ? हुन त प्रसाईंले मेरो ज्यान खतरामा छ भनेर देखाउन खोजेका हुन सक्छन्। सही काम गर्नेले डराउनुपर्दैन। सही काम गर्न कसको डर ? जसले खराब नियत राखेर काम गर्छ, उसलाई डर हुने हो। दुर्गा प्रसाईंलाई खतराचाहिँ कोबाट छ ?

सर्वोच्च परिसरभित्र अत्याधुनिक हतियार बोकेर जाने दुर्गा प्रसाईंका गार्डलाई प्रहरीले नियन्त्रणमा लिएको हो। दुर्गा प्रसाईंलाई देशका नीति, नियम र कानुन राम्रोसँग थाहा होला, अनुमतिविना हतियार बोक्न पाइँदैन। अनुमति लिँदा पनि हतियार लिएर कहाँकहाँ जान पाउने भनेर क्षेत्र तोकिएको हुन्छ, त्यो पनि हेक्का होला। यो सब जान्दाजान्दै पनि हतियार बोकेरै सर्वोच्चभित्र जानु भनेको सरासर दादागिरी नै हो। मैले जे गर्दा पनि हुन्छ, कानुनले छुन सक्दैन भन्ने गलत सोच हो। कहिले कांग्रेस, कहिले एमाले त कहिले माओवादी भएर चर्चामा आएका प्रसाईं अहिले स्वतन्त्र भएका छन्।

उनको स्वार्थअनुसार कोही नेता नचलेकाले उनी स्वतन्त्र भएका हुन्। बैंकबाट अर्बौं ऋण लिएका प्रसाईं अहिले ऋण मिनाहा गराउन आन्दोलन गर्दै छन्। हिजोसम्म उनको नजरमा ठीक ठहरिएका नेता आज एकाएक खराब देखिएका छन्। प्रसाईंका गतिविधि ठीक छैनन्।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

---

देश/विदेश

# वासिंटन फेरि टिकटकमाथि हमला गर्दै


## अमेरिकाले टिकटकविरुद्ध जब धम्की दिन्छ, तब अमेरिकाको व्यापारिक वातावरण र अन्तर्राष्ट्रिय छवि धेरै हदसम्म खस्किन्छ

अमेरिकाले टिकटकलाई तारो बनाउने काम नयाँ सिराबाट सुरु गरेको छ। अमेरिकी कंग्रेसको ऊर्जा एवं व्यापार समितिले बिहीबार एक विधायकीय प्रस्ताव पारित गर्न ५०-० मत प्रदान गरेको छ। सो विधेयक प्रस्तावअनुसार चिनियाँ कम्पनी बाइटडान्सलाई दुई विकल्प दिइएको छ, कानुन निर्माणको एक सय ६५ दिनभित्र टिकटकको स्वामित्व त्याग्ने वा प्रमुख एप स्टोरबाट प्रतिबन्ध झेल्ने विकल्प दिइएको छ। यसले वास्तवमा बाइटडान्सलाई विषको दुई बोतलमध्ये एक छनोट गर्न बाध्य बनाएको छ। पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले सन् २०२० मा टिकटकमाथि प्रतिबन्ध लगाउन असफल प्रयास गरेपछि टिकटकमाथिको ठूलो हमला कंग्रेसको समितिको मतदानमा देखिएको रोयटर्सले बताएको छ। अधिल्लोपटक विधेयकमा टिप्पणी गर्न इन्कार गरेको सन्दर्भमा यसपटक ह्वाइट हाउसका प्रेस सचिवले मतदानका दिन विधेयकको प्रशंसा गर्नुलाई ह्वाइट हाउसले कदम चालेको मानिएको छ।

अमेरिकी तल्लो सदनले यस विधेयकमा अर्को सोमबार मतदान गर्नेछ। धेरै विश्लेषक यो वर्ष विधेयक पारित गर्न सजिलो नहुने विश्वास गर्छन्। तर, यस प्रकारको 'कानुन' प्रस्तावित हुन सक्ने तथ्यले केही राजनीतिज्ञले व्यापारिक मुद्दालाई राजनीतीकरण गर्ने इच्छामा कुनै परिवर्तन नगरेको चिन्ताजनक संकेत दिन्छ। वास्तवमा, टिकटक केही समयदेखि अमेरिकाको विभिन्न प्रकारका तहकिकात र अनुसन्धानको विषय बनेको छ। यस अवधिमा टिकटकका प्रमुख कार्यकारी अधिकृत साउ जी च्यूलाई कंग्रेसले सार्वजनिक रूपमा दुईपटक सोधपुछ गरेको थियो। पछिल्लो विधेयक अमेरिकामा अभिव्यक्ति स्वतन्त्रता र कानुनी शासनको छवि ध्वस्त बनेको एक प्रमाण हो।

रिपब्लिकन र डेमोक्राटिक पार्टी दुवैमा फैलिएका अमेरिकी राजनीतिक कुलीन वर्गले यसमा महत्त्वपूर्ण सहमति र सहकार्य प्रकट गर्दै टिकटकमाथि नियन्त्रण गर्न लगातार दबाब दिइरहेका छन्। चुनावी वर्षका दौरान सिर्जना गरिएको जटिल र अराजक जनमत वातावरण वासिंटनका लागि 'राजनीतिक लुटपाट'का लागि प्रलोभन र आवरण बन्न पुगेको छ। अघिल्लो 'अनुभव' र 'पाठ'लाई चित्रण गर्दै यसपटक टिकटकको लुटमा केही रणनीतिक समायोजन र प्याकेजिङ गरिएका छन् तर सार भने परिवर्तन भएको छैन। सबै ठाउँमा प्रयोग गर्न मिल्ने 'राष्ट्रिय सुरक्षा खतरा'को बहाना अझै पनि प्रयोग भइरहेको छ। कुनै प्रमाणविना आधारहीन 'अपराधको अनुमान' अझै लागू गरिएको छ र बजार अर्थतन्त्र एवं निष्पक्ष प्रतिस्पर्धाको सिद्धान्तको घोर उल्लंघन गरिएको छ।

वस्तुनिष्ठ रूपमा भन्नुपर्दा पहिले अमेरिकाले प्रतिबन्ध थप 'सभ्य' ढंगले गर्ने र कार्यविधिको हिसाबले यसलाई अझ व्यावहारिक बनाउनेबारे सोचेको थियो। टिकटकलाई 'दोषी' देखाइएपछि अमेरिकी राजनीतिज्ञले प्रमाणका लागि यसलाई नजिकबाट छानबिन गरे, तर अन्ततः केही फेला परेन। उनीहरूले टिकटकका प्रमुख कार्यकारी अधिकृतलाई कंग्रेसमा बोलाएर कैदीका रूपमा व्यवहार गरे, तर कंग्रेस आफैं हाँसोको पात्र बन्यो। यसलाई धेरैपटक उचाल्ने प्रयास गरे पनि टिकटकले अमेरिकामा कानुनी रूपमा काम गरिरहेको र कुनै पनि अमेरिकी कानुनको उल्लंघन गरेको देखिएन।




चित्र : कार्लस ल्यातफ/ग्लोबल टाइम्स

टिकटकका अमेरिकामा १७ करोड प्रयोगकर्ता छन्, जुन देशको कुल जनसंख्याको आधा हो। जो बाइडेनको चुनावी अभियान टोलीले हालै टिकटकमा खाता खोलेको छ। अमेरिकामा टिकटकको सफलता यसको व्यापारिक मोडेलका कारणले मात्र नभई अमेरिकी कम्पनीको दाँजोमा अनुपालनका सन्दर्भमा टिकटकको उत्कृष्ट प्रदर्शन पनि हो। यो अमेरिकामा सञ्चालित हुने सबै व्यवसायको चासोको विषय हो। यी कम्पनीले टिकटकको भाग्यलाई बेवास्ता गर्न सक्दैनन्। आज टिकटक एक रक्षात्मक रेखा बनेको छ। यदि यो रेखा उल्लंघन भयो भने अमेरिकामा सञ्चालन हुने धेरै विदेशी कम्पनी कुनै पनि समय सम्भावित 'लुट'को जोखिममा पर्नेछन्।

विभिन्न रिपोर्टअनुसार चीनविरोधी सांसद तथा 'अमेरिका र चिनियाँ कम्युनिस्ट पार्टीबीचको रणनीतिक प्रतिस्पर्धा चयन समितिका अध्यक्ष' माइक ग्यालाघरले विधेयकलाई 'ट्रयुमर हटाउन र बिरामीलाई बचाउन गरिएको शल्यक्रिया' बताएका छन्। वास्तवमा अमेरिकी प्रभुत्व र लुटेरा मानसिकताको वकालत गर्ने यी राजनीतिज्ञले प्रतिनिधित्व गर्ने घातक ट्रयुमर हटाउन आवश्यक छ। त्यसो गरेर मात्र यसले अमेरिकाको राष्ट्रिय र सामाजिक स्वास्थ्यलाई फाइदा पुग्न सक्छ। वास्तवमा अमेरिकाले टिकटकविरुद्ध जब धम्की दिन्छ, तब अमेरिकाको व्यापारिक वातावरण र अन्तर्राष्ट्रिय छवि धेरै हदसम्म खस्किन्छ। अमेरिकाका लागि सिंगापुरका राजदूतले टिकटकविरुद्धको अभियान 'अति'को स्तरमा पुगेको र च्यूले अनुभव गरेजस्तो सोधपुछले 'विश्वव्यापी रूपमा अमेरिकाको छवि र बुझाइलाई कमजोर पार्न सक्छ' भनेका थिए।

मूलधारका अमेरिकी मिडिया जुन लगातार चीनको व्यापारिक वातावरणमा केन्द्रित हुन्छन्, तिनले आश्चर्यजनक रूपमा टिकटक मुद्दामा 'कुनै टिप्पणी नगर्ने' रबैया देखाएका छन्। यद्यपि अमेरिकी समाजमा यस मामिलामा विभिन्न राय आएका छन्। पछिल्ला दिनमा कंग्रेस कार्यालयका फोन लाइनमा टिकटक समर्थकको फोन कलको लर्को लागेको विभिन्न समाचारले जनाएको छ। अमेरिकाले आफूलाई कानुनका मामिलामा सबैभन्दा परिपक्व देश भएकोमा मात्रै गर्व गर्दैन, यसले आफूलाई विश्व नेताको रूपमा पनि दाबी गर्छ। यद्यपि अमेरिकाका धेरै कार्य आत्मघाती देखिन्छन् अर्थात्, कानुनको शासन र बजार मान्यताको सिद्धान्त उल्लंघन गर्ने र अन्तर्राष्ट्रिय विश्वसनीयतालाई कमजोर पार्ने खालका छन्। यो प्रक्रिया अमेरिकाको विश्वव्यापी नेतृत्वको हैसियत गुमाउने प्रक्रिया हो। एक निश्चित परिप्रेक्ष्यमा अमेरिकी जनता टिकटकको वैध अधिकारको रक्षा गर्न अगाडि आउनु भनेको मौलिक रूपमा अमेरिकाको अन्तर्राष्ट्रिय छवि र प्रतिष्ठाको रक्षा गर्नु पनि हो।

*(ग्लोबल टाइम्सको सम्पादकीयबाट)*

---

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com


# भारतीय मिडियाकी सबैभन्दा शक्तिशाली महिला

## केही महिनाअघि मात्रै परोपकारमा ध्यान केन्द्रित गर्ने भन्दै व्यवसायबाट टाढिएकी नीता अम्बानी अहिले भारतीय मिडिया क्षेत्रकी सबैभन्दा शक्तिशाली पदमार्फत फर्किएकी छिन्

केही महिनाअघि मात्रै एसियाकै सबैभन्दा धनी व्यक्ति मुकेश अम्बानीकी श्रीमती नीता अम्बानी परोपकारमा ध्यान केन्द्रित गर्न भन्दै व्यवसायबाट टाढिएकी थिइन्। तर, अहिले उनै नीता भारतीय मिडियाको प्रतिस्पर्धी दुनियामा ठूलो कार्यभार सम्हाल्दै व्यवसायमा फर्किएकी छन्। उनी भारतमा डिज्नी (डिआइएस) मिडिया शाखा र अरबपति मुकेश अम्बानी स्वामित्वको रिलायन्स इन्डस्ट्रिजको मिडिया शाखाको मर्जरबाट गठन हुने ८.५ अर्ब डलर लागतको विशाल संगठनको अध्यक्ष हुनेछिन्।

६० वर्षीया नीताको यो नयाँ पद उनका पति मुकेशले आफ्ना उत्तराधिकारी तय गरेको दुई वर्ष नबित्दै आएको छ। खुद्रा, प्रविधि र नवीकरणीय ऊर्जालाई समेट्ने २३६ अर्ब डलरको कम्पनीलाई मुकेशले तीन छोराछोरीलाई केकसरी हस्तान्तरण हुने भन्ने योजना बनाएका छन्। नीता अम्बानी एक्लैले मिडिया शाखाको नेतृत्व गर्नेछैनन्। डिज्नीका एसिया प्रशान्तीय एकाइका पूर्वअध्यक्ष उदय शंकर संयुक्त यस उद्यमको उपाध्यक्ष हुनेछन् र 'रणनीतिक मार्गदर्शन' प्रदान गर्नेछन्। नियामक र सेयरधारकहरूले स्वीकृति प्रदान गरेमा डिज्नी-रिलायन्स सम्झौता सन् २०२४ को अन्त्य वा २०२५ को सुरुमा पूरा हुने अनुमान गरिएको छ।

रिलायन्स इन्डस्ट्रिजको बोर्डमा पहिलो महिला निर्देशक बनेर नीता अम्बानीले १० वर्षअघि पहिलोपटक व्यापारको केन्द्रमा पाइला टेकेकी थिइन्। नियामकहरूले सूचीबद्ध भारतीय कम्पनीलाई बोर्डरुममा लैंगिक विविधता सुधार गर्न आग्रह गरेको केही महिनापछि भएको नियुक्तिलाई केही विश्लेषकले पाखण्डको रूपमा आलोचना गरेका छन्। उनले समूहको परोपकारी पहलमा



सन् १९८५ मा मुकेश अम्बानीसँग विवाह गरेकी नीता अन्तर्राष्ट्रिय ओलम्पिक समितिकी सदस्य र न्युयोर्कको मेट्रोपोलिटन म्युजियम अफ आर्ट बोर्डको मानार्थ ट्रस्टी पनि हुन्।

केन्द्रित रहेको रिलायन्स फाउन्डेसनमा 'आफ्नो ऊर्जा र समय समर्पित गर्न' गत अगस्टमा बोर्डबाट राजीनामा दिएकी थिइन्।

नितासँग यसअघि नै देशमा खेलकुद र कला प्रवर्द्धनमा ठूलो अनुभव छ। उनी लोकप्रिय इन्डियन प्रिमियर लिग (आइपिएल)को क्रिकेट समूह मुम्बई इन्डियन्सकी मालिक हुन्।

नयाँ मिडिया उद्यमको सफलताका लागि खेलकुद महत्त्वपूर्ण हुनेछ। डिज्नी इन्डियाले मर्जरको घोषणा गर्नुअघि धेरै चुनौतीको सामना गरिरहेको थियो। यो सन् २०२२ मा नराम्रोसँग प्रभावित भयो, जतिबेला यसले रिलायन्सलाई आइपिएल क्रिकेट खेल स्ट्रिम गर्ने डिजिटल अधिकार गुमाएको थियो, जसका कारण लाखौं सदस्य गुमाउनुपरेको थियो। भरत नाट्यम्को भारतीय शास्त्रीय नृत्य शैलीमा तालिम लिई उनले गत वर्ष मुम्बईमा नीता मुकेश अम्बानी सांस्कृतिक केन्द्र स्थापना गरिन्, जसले मे २०२३ मा भारतको पहिलो प्रमुख ब्रोडवे सो द साउन्ड अफ म्युजिक ल्यायो।

सन् १९८५ मा मुकेश अम्बानीसँग विवाह गरेकी उनी अन्तर्राष्ट्रिय ओलम्पिक समितिकी सदस्य र न्युयोर्कको मेट्रोपोलिटन म्युजियम अफ आर्ट बोर्डको मानद ट्रस्टी पनि हुन्। उनीहरूका तीन छोराछोरी (छोरी इसा र छोराहरू अनन्त र आकाश) ले पनि पारिवारिक व्यवसायमा ठूलो भूमिका खेल्दै आएका छन्, यद्यपि मुकेश अम्बानीले सन् २०२२ मा उत्तराधिकार योजना बनाउँदा आफ्नो चाँडै अवकाश लिने मनसाय नभएको विषयलाई जोड दिएका थिए।

'मैले इसा, आकाश र अनन्तबीच कहिल्यै भेदभाव गरेको छैन। मेरा छोराहरूले जे गर्न सक्छन्, मेरी छोरीले पनि गर्न सक्छिन्,' कर्पोरेट भारतमा महिलालाई प्रवर्द्धन गर्नेबारे केही महिनाअघि सोधिएको एक दुर्लभ टिभी अन्तर्वार्तामा नीता अम्बानीले भनेकी थिइन्। 'हाम्रा युवालाई अवसर दिनुहोस्, तिनीहरू चम्कनेछन्,' उनले भनेकी थिइन्। उनको विचारमा समान पारिश्रमिक कर्पोरेट जगत्मा आवश्यकता हो।

पछिल्लो दशकमा भारतीय बोर्डरुममा महिलाहरूको प्रतिनिधित्व उल्लेखनीय रूपमा सुधार भएको छ। इवाई परामर्शदाताको एक रिपोर्टअनुसार नेसनल स्टक एक्सचेन्जमा सूचीबद्ध शीर्ष पाँच सय कम्पनीमध्ये सन् २०२२ मा लगभग ९५ प्रतिशतमा एक महिला बोर्ड सदस्य थिए, जुन सन् २०१७ मा ६९ प्रतिशत थियो।

आफ्नो नयाँ शीर्ष पदसँगै नीता अम्बानी भारतीय मिडिया र मनोरञ्जन क्षेत्रको सबैभन्दा शक्तिशाली महिला बनेकी छिन्, जसको मूल्य २५ अर्बभन्दा बढी छ र द्रुत रूपमा बढ्दै छ। रिलायन्सले मर्ज भएको संस्थामा ६३ प्रतिशतभन्दा बढी स्वामित्व पाउनेछ। बाँकी डिज्नीको हो। संयुक्त उद्यममा ७५० मिलियनभन्दा बढी दर्शक पुग्ने अपेक्षा गरिएको छ।

रिसर्च फर्म मिडिया पार्टनर्स एसियाका उपाध्यक्ष मिहिर शाहले सम्झौताले नेटफ्लिक्सजस्ता विश्वव्यापी स्ट्रिमिङ दिग्गजहरू (नेटफ्लिक्स) को समयमा 'सन्तुलन, नाफा र प्रतिस्पर्धात्मकता बढाउन' देशमा 'शक्तिशाली संस्था' सिर्जना गरेको बताए।

*सिएनएनका लागि दीक्षा म्याडहकको रिपोर्ट*




**सन् २००३** : सद्दाम हुसेन र उनका छोराहरूलाई इराक छाड्न दिइएको समयसीमा नाघेपछि अमेरिका नेतृत्वको गठबन्धनले इराकमा भीषण आक्रमण सुरु गऱ्यो।

**सन् १९८६** : ज्याक सिराक फ्रान्सका प्रधानमन्त्री भए। त्यसअघि फ्रान्सको राजधानी पेरिसका मेयर रहेका सिराक पछि गएर देशका राष्ट्रपति बने।

**सन् १९९४** : अल सल्भाडोरमा १२ वर्ष लामो गृहयुद्धपछि पहिलो राष्ट्रपतीय चुनाव भयो।

**सन् १९९५** : जापानको धार्मिक सम्प्रदाय ओम सिनरिक्योले राजधानी टोकियोको भूमिगत रेलसेवामा विषालु ग्यास सरिन छाड्दा १३ जना मारिए भने हजार जना घाइते भए।

**सन् २०१३** : विश्वको सबैभन्दा ठूलो धनराशियुक्त पुरस्कार 'ब्रेकथ्रु प्राइज' युरी र उनकी श्रीमती जुलिया तथा उनकी मिल्नरले स्थापना गरे। ३० लाख डलरको यो पुरस्कार गणित, जीव विज्ञान र भौतिक शास्त्र विधामा दिइन्छ।

**सन् २०१६** : बाराक ओबामा सन् १९२८ पछि क्युबा भ्रमण गर्ने पहिलो अमेरिकी राष्ट्रपति बने।

**सन् २०१७** : भारतको उत्तर खण्ड उच्च अदालतले देशका दुई नदी यमुना र गंगालाई 'जीवित एकाइ'को मान्यता दियो, पछि सर्वोच्च अदालतले पनि यस फैसलालाई सदर गरिदियो। यस हैसियतपछि ती नदीलाई मानिसलाई जस्तै कानुनी अधिकार हुनेछ।

**सन् २०२०** : भारतले सन् २०१२ मा देशको राजधानीमा एक बसमा सवार युवतीलाई सामूहिक बलात्कारपछि हत्या गर्ने चार पुरुषलाई झुन्ड्याएर मृत्युदण्ड दियो।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ फोन नं.: ०१-४५२३४३२/३४/३६
शाखा कार्यालय : सोह्रखुट्टे, काठमाण्डौ फोन: ०१- ४३८८८३४
शाखा कार्यालय : ठिमी, भक्तपुर फोन: ०१-५०९३४२४/२५
शाखा कार्यालय : मलंगवा, सर्लाही फोन नं.: ०४६-५२११५८/५२
शाखा कार्यालय : बिब्ल्याँटे, इलाम फोन: ०२७- ४१३००६
शाखा कार्यालय : शंखमुल, काठमाण्डौ फोन: ०१- ५२०७४८८, ५२०७५८८
शाखा कार्यालय : भरतपुर, चितवन फोन: ०५६- ५३३२४०/४१

को

तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी ७ (सात) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/१२/०७ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धि १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

शाखा कार्यालय: सोह्रखुट्टे, काठमाण्डौ

ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६९/०९/०४ मा दर्ता नं. १०८१९९/०६९/०७० कायम भई दर्ता भएको काठमाण्डौं जिल्ला, सावित्रि का.म.न.पा वडा नं. ३५, कोटेश्वर स्थित **अमोलिओ बिजिनेस प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. हेम लाल पोखरेलको नाति, अग्निधर पोखरेलको छोरा, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ८, स्थित स्थायी ठेगाना भएको **नवराज पोखरेल (ना.प्र.प.नं. ६४१८८, काठमाण्डौं)**
२. अग्निधर पोखरेलको बुहारी, नवराज पोखरेलको पत्नी, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ८, स्थित स्थायी ठेगाना भएको **गीता कुमारी मुडभरी पोखरेल (ना.प्र.प.नं. ५६०, काठमाण्डौं)**
३. खडानन्द ढुंगेलको नाति, मोहन प्रसाद ढुंगेलको छोरा, काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. १४, स्थित स्थायी ठेगाना भएको **बासुदेव शर्मा (ना.प्र.प.नं. २०३३/७५३०, काठमाण्डौं)**
४. मोहन प्रसाद ढुंगेलको बुहारी, बासुदेव शर्माको पत्नी, काठमाण्डौं जिल्ला, का.म.न.पा वडा नं. १४, स्थित स्थायी ठेगाना भएको **राधिका ढुंगेल (ना.प्र.प.नं. १८६०२०३३/५७८, काठमाण्डौं)**
५. सुदर्शन गौतमको नाति, लिला राज गौतमको छोरा, इलाम जिल्ला, सोयाक गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **नेत्र प्रसाद गौतम (ना.प्र.प.नं. ११०२, इलाम)**
६. लिला राज गौतमको बुहारी, नेत्र प्रसाद गौतमको पत्नी, झापा जिल्ला, शान्तिनगर गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **चन्द्रकला पौड्याल (ना.प्र.प.नं. ८५०१५८१०, झापा)**
७. सुदर्शन गौतमको नाति, लिला राज गौतमको छोरा, इलाम जिल्ला, इलाम गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **डिल्लीराम गौतम (ना.प्र.प.नं. ३८४७२/१०२२, इलाम)**
८. लिला राज गौतमको बुहारी, डिल्लीराम गौतमको पत्नी, झापा जिल्ला, सुरुङ्गा गा.वि.स./न.पा. वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **राधिका खनाल (ना.प्र.प.नं. २१५२६१, झापा)**
९. सुदर्शन गौतमको नाति, लिला राज गौतमको छोरा, इलाम जिल्ला, सोयाक गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **कमल गौतम (ना.प्र.प.नं. ५४९, इलाम)**
१०. लिला राज गौतमको बुहारी, कमल गौतमको पत्नी, मोरङ जिल्ला, इन्द्रपुर गा.वि.स./न.पा. वडा नं. ७, स्थित स्थायी ठेगाना भएको **लक्ष्मी ढकाल (ना.प्र.प.नं. २०५३९, मोरङ)**
११. जयभद्र गौतमको नाति, सुदर्शन गौतमको छोरा, इलाम जिल्ला, सोयाक गा.वि.स./न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **लिला राज गौतम (ना.प्र.प.नं. ४५१/१२८०, इलाम)**

धितोमा रहेको सम्पत्तिको विवरण

१. **राधिका खनालको** नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाडौं जिल्ला, साबिक का.म.न.पा., वडा नं. ३५, स्थित कि.नं २७७ को क्षेत्रफल १५८.०५ (ब.मी.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।
२. **लिलाराज गौतमको** नाममा मालपोत कार्यालय इलामको लगतमा दर्ता श्रेस्ता कायम रहेको इलाम जिल्ला, इलाम नगरपालिका, वडा नं. ५ स्थित कि.नं २७४, २७७, ३२३, ३६१ र ४५४ को क्रमशः क्षेत्रफल ०-१-२-१, ०-१-०-२, ०-४-२-०, ०-८-०-० र ०-४-२-० (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

शाखा कार्यालय: ठिमी, भक्तपुर

ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७६/०२/०३ मा दर्ता.नं. २७५४३५/७५/०७६ कायम भई दर्ता भएको भक्तपुर जिल्ला, सुर्यविनायक न.पा. वडा नं. ५, सिपाडोल स्थित **जि.आइ. ट्रेड एण्ड कन्सर्न प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. मुरली प्रसाद तिमल्सिनाको बुहारी, गणेश प्रसाद तिमल्सिनाको पत्नी, ओखलढुङ्गा जिल्ला, प्राप्चा गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **मीना अधिकारी (ना.प्र.प.नं. १३१०१९/८७, ओखलढुङ्गा)**
२. तिर्थ प्रसाद तिमल्सिनाको नाति, मुरली प्रसाद तिमल्सिनाको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, पनौती न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **गणेश प्रसाद तिमल्सिना (ना.प्र.प.नं.१५६२१६, काभ्रेपलाञ्चोक)**

धितोमा रहेको सम्पत्तिको विवरण

**गणेश प्रसाद तिमल्सीनाको** नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सर्लाही जिल्ला, हरीवन गा.वि.स./न.पा वडा नं. ४ स्थित कित्ता नं. १६६१ को क्षेत्रफल ११३४.४० व.मि. को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

शाखा कार्यालय: शंखमुल, काठमाण्डौ

१. ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, बबरमहल, काठमाण्डौमा, साम्झेदारी ऐन, २०२० बमोजिम मिति २०६९/०७/२७ मा सा.फ.र.नं. ४२७५/०६९/०७० कायम भई दर्ता भएको ललितपुर जिल्ला, साबिक ललितपुर उ.म.न.पा. वडा नं. ५, कुमारीपाटी स्थित **माछिन्द्र फर्मासेल्स**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. कारा गुरुङ्गको नातिनी, बुद्धिमान गुरुङ्गको छोरी, चितवन जिल्ला, शिवनगर गा.वि.स./न.पा. वडा नं. ४, स्थित स्थायी ठेगाना भएको **मुना गुरुङ्ग (ना.प्र.प.नं.८२१८/०५७, चितवन)**
२. कारा गुरुङ्गको बुहारी, बुद्धिमान गुरुङ्गको पत्नी, चितवन जिल्ला, शारदानगर गा.वि.स/न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **घनश्री गुरुङ्ग (ना.प्र.प.नं. २०२३, चितवन)**
३. जउवीर गुरुङ्गको नाति, कारा गुरुङ्गको छोरा, चितवन जिल्ला, शिवनगर गा.वि.स./न.पा.वडा नं. ९, स्थित स्थायी ठेगाना भएको **बुद्धिमान गुरुङ्ग (ना.प्र.प.नं.२०२४, चितवन )**
४. कारा गुरुङ्गको नाति, बुद्धिमान गुरुङ्गको छोरा, चितवन जिल्ला, शिवनगर गा.वि.स/न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **भुवन गुरुङ्ग (ना.प्र.प.नं. ६०३४/०५३, चितवन)**
५. घन बहादुर दहालको नातिनी, हरि बहादुर दहालको छोरी, इलाम जिल्ला, इलाम न.पा वडा नं ९ स्थित स्थायी ठेगाना भएको **अनुजा दहाल (ना.प्र.प.नं.०३-१-०४१-९४१२२, इलाम)**

२. ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति : २०७५/११/२१ मा दर्ता नं. २१०००३/०७५/०७६ कायम भई दर्ता भएको ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १३ स्थित **जावलाखेल फर्मा प्रा. लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. कारा गुरुङ्गको नातिनी, बुद्धिमान गुरुङ्गको छोरी, चितवन जिल्ला, शिवनगर गा.वि.स./न.पा. वडा नं. ४, स्थित स्थायी ठेगाना भएको **मुना गुरुङ्ग (ना.प्र.प.नं.८२१८/०५७, चितवन)**
२. कारा गुरुङ्गको बुहारी, बुद्धिमान गुरुङ्गको पत्नी, चितवन जिल्ला, शारदानगर गा.वि.स/न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **घनश्री गुरुङ्ग (ना.प्र.प.नं. २०२३, चितवन)**
३. जउवीर गुरुङ्गको नाति, कारा गुरुङ्गको छोरा, चितवन जिल्ला, शिवनगर गा.वि.स./न.पा. वडा नं. ९, स्थित स्थायी ठेगाना भएको **बुद्धिमान गुरुङ्ग (ना.प्र.प.नं.२०२४, चितवन )**
४. कारा गुरुङ्गको नाति, बुद्धिमान गुरुङ्गको छोरा, चितवन जिल्ला, शिवनगर गा.वि.स/न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **भुवन गुरुङ्ग (ना.प्र.प.नं. ६०३४/०५३, चितवन)**

धितोमा रहेको सम्पत्तिको विवरण

**घनश्री गुरुङ्गको** नाममा मालपोत कार्यालय भरतपुर, चितवनको लगतमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, शारदानगर गा.वि.स./न.पा. वडा नं. ३ स्थित कित्ता नं. २३ को क्षेत्रफल १-४-२.५०-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

नोट: शाखा कार्यालय शंखमुल, काठमाण्डौको दुवै ऋणीहरुको लागि धितोमा रहेको सम्पत्तिको विवरण एकै भएको ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८०/१२/०७ गते बुधबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु ठिमी, भक्तपुर र मलंगवा, सर्लाही, सोह्रखुट्टे, काठमाण्डौ र बिब्ल्याँटे, इलाम र शंखमुल, काठमाण्डौ र भरतपुर, चितवनबाट प्राप्त गर्न सकिनेछ।
२. खुट्टाखुट्टै धितोको लागि खुट्टाखुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ घरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२०००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८०/१२/१३ गते मंगलबार कार्यालय समय भित्र शाखा कार्यालय सोह्रखुट्टे, काठमाण्डौको ऋणीको धितोको विवरण नं. १ को हकमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा, धितोको विवरण नं. २ को हकमा शाखा कार्यालय बिब्ल्याँटे, इलाममा तथा शाखा कार्यालय ठिमी, भक्तपुरको ऋणीको धितोको हकमा शाखा कार्यालय मलंगवा, सर्लाहीमा र शाखा कार्यालय शंखमुल, काठमाण्डौको ऋणीको धितोको हकमा शाखा कार्यालय भरतपुर, चितवनमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०८०/१२/१४ गते बुधबार दिउँसो ४:०० बजे शर्त नं. ५ बमोजिम बोलपत्र दर्ता भएको यस बैंकको सम्बन्धित कार्यालयहरुमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले व्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा घरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित कार्यालयहरुबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. धितो सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा छट्टाखुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु ठिमी, भक्तपुर, सोह्रखुट्टे, काठमाण्डौ र शंखमुल, काठमाण्डौमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

# कार्यदलको प्रतिवेदनअनुसार कोरियाको ई-७ भिसा अघि बढ्छ : मन्त्री अर्याल



**काठमाडौं**/ श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले कार्यदलको अध्ययन प्रतिवेदनका आधारमा कोरियाको ई-७ भिसा अघि बढ्ने बताएका छन्। मंगलबार पत्रकारसँगको अन्तर्क्रियामा मन्त्री अर्यालले ई-७ भिसाबारे कार्यदल बनाएर अध्ययन गरिरहेको बताउँदै त्यसकै आधारमा थप निर्णय हुने बताए। 'कार्यदलले यस विषयमा अध्ययन गरिरहेको छ। कार्यदलको प्रतिवेदनपछि श्रमिकको हितमा हुने गरी निर्णय गरिनेछ,' उनले भने, 'तर, बजारमा हल्ला भएजस्तै मन्त्रालयले यसमा कुनै पनि निर्णय गरेको छैन।'

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को निर्देशनअनुसार अहिले मन्त्रालयले कार्यदल बनाएर अध्ययन गरिरहेको छ। ई-७ भिसामार्फत म्यानपावर व्यवसायीले नेपाली श्रमिक कोरिया पठाउन सक्ने सूचनामा मन्त्रालयको आधिकारिता नभएको उनले जिकिर गरे।

कोरियाले हालसम्म इपिएस प्रणालीमार्फत मात्रै नेपाली श्रमिक लैजाँदै आएको छ। तर, यसअघि नै म्यानपावर व्यवसायीले ई-७ भिसामार्फत कोरिया पठाइदिने भन्दै रकम असुल गर्न थालेको गुनासो आएपछि प्रधानमन्त्री दाहालले गत पुसमा नै यस विषयमा बुझ्न निर्देशन दिएको उनले बताए। प्रधानमन्त्री दाहालले ई-७ भिसालाई पनि इपिएसमा आबद्ध गराउन निर्देशन दिएका थिए।

त्यस्तै, मन्त्री अर्यालले वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि अनिवार्य गरिएको पूर्वप्रस्थान अभिमुखीकरण तालिमको शुल्क पनि यथावत् रहेको स्पष्ट पारे। 'अर्को निर्देशन नहुँदासम्मका लागि अभिमुखीकरण तालिमको शुल्क सात सय नै तोकिएको छ,' उनले बताए। यस विषयमा पनि मन्त्रालयले निर्माण गरेको कार्यदलले अध्ययन गरिरहेको छ।

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit ग्लोबल रेमिट

# आठ महिनामा निर्यात खर्ब नाघ्यो


## १० खर्ब ३० अर्बको आयात, व्यापार घाटा नौ खर्ब २९ अर्ब

**नवीन अर्याल**/नयाँ पत्रिका

चालू आर्थिक वर्षको आठ महिनामा नेपालबाट भएको निर्यात बल्ल एक खर्ब नाघेको छ। यस अवधिमा एक खर्ब ६२ करोड रुपैयाँबराबरको वस्तु एक सय १९ देशमा निर्यात भएको भन्सार विभागले जनाएको छ।

नेपालको निर्यात बल्लतल्ल अर्ब नाघ्दा आयात भने १० खर्ब ३० अर्ब २२ करोडबराबरको भएको छ। आठ महिनामा नेपालमा एक सय ५२ देशबाट वस्तु भित्रिएको देखिन्छ। निर्यातभन्दा आयात धेरै हुँदा यो अवधिमा व्यापार घाटा नौ खर्ब २९ अर्ब ६० करोड रुपैयाँ पुगेको छ।

देशमा मन्दीको प्रभाव कायमै रहँदा यस वर्ष आयात र निर्यात दुवै घटेको छ। गत आव ०७९/८० को आठ महिनाको तुलनामा यस वर्षको सोही अवधिमा निर्यात ३.९९ प्रतिशत र आयात २.६६ प्रतिशतले घटेको देखिन्छ। भन्सार विभागको तथ्यांकले आयातभन्दा निर्यात धेरै घटेको देखाउँछ। गत वर्षको तुलनामा यस वर्ष आयात घटेको देखिए पनि राजस्व संकलन भने बढेको भन्सार विभागका महानिर्देशक शोभाकान्त पौडेलले बताए। चालू आवको आठ महिनामा देशभरका भन्सार कार्यालयबाट दुई खर्ब ७१ अर्ब राजस्व संकलन भएको छ। गत आवको यसै अवधिमा दुई खर्ब ४३ अर्ब रुपैयाँ राजस्व संकलन भएको थियो। भन्सार अनुगमन तथा निरीक्षण र राजस्व नीतिमा गरिएको सुधारका कारण आयात घट्दा पनि राजस्व संकलन बढेको उनको भनाइ छ।




### ■ यी हुन् धेरै निर्यात भएका १० वस्तु

नेपालबाट आठ महिनामा सबैभन्दा धेरै फलामे पाता निर्यात भएको छ। यो अवधिमा आठ अर्ब चार करोडको फलामे पाता निर्यात भएको विभागको तथ्यांक छ। यस्तै, सात अर्ब ४७ करोडको सेन्थेटिक यार्न, ६ अर्ब ९३ करोडको ऊनी गलैँचा तथा कार्पेट, पाँच अर्ब ८५ करोडको तयारी कपडा, पाँच अर्ब ३३ करोडको फलफूलको जुस, पाँच अर्ब १७ करोडको अलैँची, चार अर्ब ९४ करोडको प्लाइउड, चार अर्ब ६३ करोडको प्रशोधित पाम आयल, तीन अर्ब १० करोडको जुटका बुनिएका कपडा र तीन अर्ब आठ करोडको जमोठ कपडा निर्यात भएका छन्।

### ■ प्लाइउड र सिमेन्ट निर्यातले बढायो आशा

प्लाइउड र सिमेन्ट तथा क्लिंकरको बढ्दो निर्यातले वैदेशिक व्यापारमा उत्साह थपेको छ। चालू आवको आठ महिनामा चार अर्ब ९४ करोड रुपैयाँको प्लाइउड निर्यात भएको छ। गत आवको यसै अवधिमा दुई अर्ब ५८ करोड रुपैयाँको प्लाइउड निर्यात भएको थियो। यो अवधिमा प्लाइउड निर्यात ९१.३४ प्रतिशतले बढेको छ।

यस्तै, यही अवधिमा नेपालबाट दुई अर्ब ४७ करोड १७ लाख रुपैयाँबराबरको २२ लाख ९६ हजार नौ सय ७३ टन सिमेन्ट र क्लिंकर भारततर्फ निर्यात भएको छ। गत आवको यसै अवधिमा ३० करोड ५५ लाख रुपैयाँबराबरको चार लाख ४३ हजार टन सिमेन्ट तथा क्लिंकर निर्यात भएको थियो। सरकारले निर्यातमा आठ प्रतिशतसम्म नगद अनुदान र बिजुलीको महसुलमा छुट दिने व्यवस्था गरेसँगै ०७९ असारदेखि भारतीय सीमावर्ती क्षेत्रबाट सिमेन्ट निर्यात सुरु भएको थियो। छोटो अवधिमै सिमेन्ट तथा क्लिंकर धेरै निर्यात भएका प्रमुख ११ वस्तुभित्र पर्न सफल भएको छ।

निर्यातको थालनी पाल्पा सिमेन्ट उद्योगले गरे पनि अहिले अर्घाखाँची, बालाजी, सर्वोत्तम, सौर्य, सिजीलगायतका उद्योगले सिमेन्ट र क्लिंकर निर्यात गरिरहेका छन्। गत आवभरिमा करिब ७८ करोड मूल्यबराबरको सिमेन्ट र क्लिंकर निर्यात भएको थियो। यस वर्ष निर्यात साढे चारदेखि पाँच अर्ब रुपैयाँ पुग्ने उद्योगीको अनुमान छ। एक अर्ब २८ करोड मूल्यको १९ लाख चार हजार दुई सय २८ टन तयारी सिमेन्ट र एक अर्ब १९ करोड मूल्यको तीन लाख ९२ हजार सात सय ५४ टन क्लिंकर रहेको भन्सार विभागले जनाएको छ

### भन्सार विभागका महानिर्देशक शोभाकान्त पौडेल भन्छन्-



गत वर्षको तुलनामा यस वर्ष आयात घटेको देखिए पनि राजस्व संकलन भने बढेको छ। भन्सार अनुगमन तथा निरीक्षण र राजस्व नीतिमा गरिएको सुधारका कारण आयात घट्दा पनि राजस्व संकलन बढेको छ।

**आठ महिनामा निर्यात भएका प्रमुख १० वस्तु**

| वस्तु | निर्यात रकम (करोडमा) |
|---|---|
| फलामे पाता | ८०४.४१ |
| सेन्थेटिक यार्न | ७४६.९१ |
| ऊनी गलैँचा तथा कार्पेट | ६९२.८६ |
| तयारी कपडा | ५८५.२६ |
| फलफूलको जुस | ५३३.४१ |
| अलैँची | ५१७.४६ |
| प्लाइउड | ४९३.९७ |
| प्रशोधित पाम आयल | ४६३.३० |
| जुटबाट बनेका कपडा | ३१०.८९ |
| जमोठ कपडा | ३०८.४५ |

### ■ धेरै आयात हुने १० वस्तुमा विद्युतीय कार पनि

चालू आवको आठ महिनामा सबैभन्दा धेरै ८८ अर्ब ८८ करोड रुपैयाँको डिजेल आयात भएको छ। ४४ अर्ब ६४ करोडको पेट्रोल, ३५ अर्ब ८८ करोडको एलपी ग्यास आयात भएको छ। यसैगरी, २९ अर्ब ४६ करोडको एचआर सिट, २५ अर्ब ९१ करोडको शुद्ध फलाम, २४ अर्ब ११ करोडको तयारी कपडा, २० अर्ब ३४ करोडको मोबाइल फोन, १७ अर्ब ९६ करोडको एलोपेथिक औषधि, १७ अर्ब ५८ करोडको सुन, १६ अर्ब २४ करोडको विद्युत्‌बाट चल्ने जिप, कार र भ्यान आयात भएका छन्।

पछिल्लो समय बिजुलीबाट चल्ने कार, जिप, भ्यान, तीनपांग्रे र दुईपांग्रेको आयात ह्वात्तै बढेको छ। यो अवधिमा ६ हजार चार सय ३५ विद्युतीय कार, जिप र भ्यान भित्रिएका छन्। जसबाट राज्यलाई करिब सात अर्ब रुपैयाँ राजस्व उठेको छ। गत आवको यसै अवधिमा ६ अर्ब १७ करोड रुपैयाँबराबरको दुई हजार एक सय ९८ विद्युतीय गाडी आयात भएका थिए। एक अर्ब ७४ करोड रुपैयाँ राजस्व उठेको थियो।

आठ महिनामा ५० किलोवाट मोटर क्षमतासम्मका २७ सय ४६ युनिट, ५१ किलोवाटदेखि सय किलोवाटसम्मका तीन हजार पाँच सय ९४ युनिट, एक सय एक किलोवाटदेखि दुई सय किलोवाटसम्मका ७५ र दुई सय एक किलोवाटभन्दा माथिका २० युनिट गाडी आयात भएका छन्। चीनबाट तीन हजार नौ सय ६९ युनिट गाडी भित्रिँदा भारतबाट २३ सय ८० युनिट, इन्डोनेसियाबाट ३४, कोरियाबाट ४२, जर्मनीबाट सातवटा र अमेरिकाबाट तीनवटा कार नेपाल आएका छन्। यसै अवधिमा भारत र चीनबाट ८९ करोड रुपैयाँभन्दा बढीको आठ हजार तीन सय तीन युनिट तीनपांग्रे विद्युतीय रिक्सा (एसेम्बल र एसेम्बल नगरिएका) भित्रिएका छन्।

# तेस्रो लगानी सम्मेलन तयारीलाई तीव्रता दिन अर्थमन्त्रीको निर्देशन



**नयाँ पत्रिका**

अर्थमन्त्री वर्षमान पुनले वैशाखमा हुने तेस्रो लगानी सम्मलेनको गृहकार्यलाई तीव्रता दिन सचिवालयलाई निर्देशन दिएका छन्। तेस्रो लगानी सम्मेलन निर्देशक समितिको चौथो बैठकमा लगानी सम्मेलन निर्देशक समितिका संयोजकसमेत रहेका पुनको अध्यक्षतामा मंगलबार भएको बैठकमा उनले यस्तो निर्देशन दिएका हुन्।

बैठकमा अर्थमन्त्री पुनले मुलुकभित्र उत्पादन र रोजगारीका अवसर सिर्जना गर्न पूर्वाधार विकास, औद्योगिक एवं पर्यटकीय पूर्वाधार, स्वच्छ ऊर्जा, सूचना तथा प्रविधि, कृषि प्रशोधन एवं स्वास्थ्य तथा शिक्षालगायत क्षेत्रमा निजी लगानी आकर्षण गर्न सबैको महत्त्वपूर्ण भूमिका रहने बताए।

स्वदेशी एवं विदेशी निजी क्षेत्र, गैरआवासीय नेपालीलगायतबाट लगानी आकर्षण गर्ने अभिप्रायले आयोजना हुन लागेको लगानी सम्मेलनमा अधिकतम बिटुबी (व्यावसायिक साझेदारी)का परियोजनामा लगानी जुटाउन बैठकमा उपस्थित निजी क्षेत्रका प्रतिनिधिलाई उनले आह्वान पनि गरे। नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ तथा नेपाल चेम्बर अफ कमर्स लगानी सम्मेलनको सहआयोजक छन्।

बैठकमा लगानी सम्मेलन सचिवालयका संयोजक एवं लगानी बोर्ड नेपालका प्रमुख कार्यकारी अधिकृत सुशील भट्टले लगानी सम्मेलन आयोजना गर्न गठित निर्देशक समिति तथा कार्यान्वयन समितिको निर्देशनबमोजिम सचिवालय तथा परियोजना छनोटसम्बन्धी प्राविधिक समिति र कानुन सुधार समितिका तर्फबाट भएका कार्यहरूको सम्बन्धमा विस्तृत प्रस्तुतीकरण दिएका थिए।

## एनआरएनएले सघाउने

**काठमाडौं**/ सरकारले वैशाखमा आयोजना गर्न लागेको लगानी सम्मेलनलाई गैरआवासीय नेपाली संघ (एनआरएनए)ले सघाउने भएको छ। संघका अध्यक्ष डा. बद्री केसी नेतृत्वको प्रतिनिधिमण्डलले लगानी बोर्डका सिइओ सुशील भट्टसँग छलफल गरी लगानी सम्मेलनमा सहकार्य गर्ने बताएका हुन्।

छलफलमा संघका अध्यक्ष केसीले बर्सेनि लगानी सम्मेलन आयोजना गर्न सकेमा विदेशमा रहेका नेपाली र विदेशीहरूको समेत लगानी भित्र्याउन सकिने बताए। नेपालमा गैरआवासीय नेपालीको लगानी भित्र्याउने लक्ष्यसहित स्थापित १० अर्बको एनआरएनए डेभलपमेन्ट फन्डलाई भविष्यमा ५० अर्बको पुऱ्याउने लक्ष्य रहेको उनले बताए।

लगानी बोर्डका प्रमुख भट्टले संसारभरबाट नेपालमा लगानी गर्न सक्षम तथा उत्सुक नेपाली तथा विदेशीसँग समन्वय गरेर लगानी सम्मेलनमा प्रभावकारी सहभागिता जनाउन संघसँग आग्रह गरे। विगतमा एनआरएनएसँग सरकारले महत्त्वपूर्ण योजना तथा कार्यक्रममा सहकार्य गरेको स्मरण गर्दै उनले लगानी सम्मेलनमा पनि सक्रिय सहभागिता हुने विश्वास व्यक्त गरे।

# एक महिनापछि नागढुंगा सुरुङमार्गको काम सुरु

**मिलन विश्वकर्मा**/नयाँ पत्रिका

सरकारले दुई महिनाभित्र माग सम्बोधन गर्ने मौखिम सहमति गरेपछि स्थानीयले सिस्नेखोला-नागढुंगा सुरुङमार्ग आयोजनाको निर्माणमा गर्दै आएको अवरोध हटाएका छन्।

सोमबार उपप्रधान तथा भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठसहित मन्त्रालय, सडक विभाग र स्थानीय प्रतिनिधिबीच भएको वार्तामा दुई महिनाभित्र माग सम्बोधन गर्ने मौखिम सहमति भएको हो। मंगलबार बिहानबाट आयोजनाको निर्माण कार्यसमेत सुरु भइसकेको छ।

स्थानीयले सुरुङमार्गमाथिको जग्गा तथा घरको क्षपिपूर्ति पाउनुपर्ने, प्रभावित क्षेत्र घोषणा गर्नुपर्ने, निःशुल्क खानेपानी तथा सिँचाइको सुविधा हुनुपर्ने र टोल ट्याक्सबाट उठ्ने राजस्वमा हिस्सेदारी हुनुपर्नेलगायत माग राख्दै ६ फागुनबाट आयोजना निर्माणमा अवरोध गर्दै आएका थिए। त्यसपछि आयोजना निर्माणको कार्य ठप्पै थियो। फलस्वरूप २३ फागुनमा गर्ने भनिएको आयोजनाको मुख्य सुरुङमार्गको 'ब्रेक थ्रु' पनि रोकिएको थियो। स्थानीयसँग सहमति भएसँगै मंगलबारदेखि काम सुरु भएको आयोजनाका परामर्शदाता तथा इन्जिनियर रमेश कोइरालाले बताए।

'यद्यपि, काम पूर्ण रूपमा सुरु भइसकेको छैन। काममा अवरोध भएपछि कामदार घर गएका थिए। उनीहरू दुई-तीन दिनमै आयोजना निर्माण स्थलमा उपस्थित हुन्छन्,' नयाँ पत्रिकासँग उनले भने, 'त्यसपछि कामले थप गति लिनेछ।'

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्माले स्थानीयको माग दुई महिनामा सम्बोधन गर्ने सहमति भएको बताए। 'सुरुङमार्गमाथिको जग्गाको क्षतिपूर्ति दिने अभ्यास छैन। सोहीअनुसार सुरुङमार्गमाथिको जग्गाको क्षतिपूर्ति दिएका थिएनौँ। पछि स्थानीयले त्यस्तो जग्गाको क्षतिपूर्ति माग्नुभयो। त्यसपछि यसबारे भौगर्भिक अध्ययन सुरु गरेका थियौँ, त्यसको अध्ययन प्रतिवेदन दुई महिनामा आउँदै छ। त्यसकै आधारमा यसको माग सम्बोधन गर्ने गरी सहमति भएको छ,' उनले भने, 'यसबाहेक मन्त्रालयको कार्यक्षेत्रमा पर्ने माग मन्त्रालयबाटै सम्बोधन गर्ने र अन्य माग सम्बोधन गर्न प्रधानमन्त्री कार्यालय तथा सम्बन्धित निकायमा पहल गर्ने सहमति भएको छ। त्यसपछि मंगलबारबाटै आयोजनाको निर्माण कार्य सुरु भएको छ।' कतिपय माग बजेटमार्फत पनि सम्बोधन गर्ने गरी सहमति भएको उनले बताए।

यो परियोजनामा रेस्क्यु र मुख्य गरेर दुई टनेल छन्। दुई हजार पाँच सय ५७ मिटरको रेस्क्यु टनेल २२ साउनमा 'ब्रेक थ्रु' भइसकेको छ। अब मुख्य टनेल ब्रेक थ्रु गर्न बाँकी छ। दुई हजार ६ सय ८८ मिटरको मुख्य सुरुङमार्गमा अब १४ मिटर खण्ड मात्रै खन्न बाँकी छ, जुन पाँच दिनमा खन्न सकिन्छ।

### ■ कम्पनीले माग्यो क्षतिपूर्ति, दैनिक एक करोड क्षति भएको अनुमान

ठेक्का प्राप्ति गरेको जापनिज निर्माण कम्पनी हाजमा एन्डो कर्पोरेसनले काम रोकिएको समयको क्षतिपूर्ति माग्ने पत्र विभागलाई पठाएको छ। यसपालि कम्पनीका कारणले आयोजनाको निर्माण कार्य रोकिएको होइन। त्यसैले कम्पनीले क्षतिपूर्ति माग्ने गरी पत्र दर्ता गरिसकेको विभागका एक उच्च अधिकारीले बताए।

आयोजनामा झन्डै ६ सय कामदार कार्यरत छन्। त्यसबाहेक एक सय ३८ वटा निर्माण उपकरण रहेका छन्। अवरोधका कारण काम नभएपछि कामदार 'होल्ड' बसेका थिए। निर्माण उपकरण, मेसिन पनि प्रयोगविहीन भएका थिए। यीलगायतका आधारमा कम्पनीले क्षतिपूर्ति माग्न सक्ने स्रोतको भनाइ छ।

ठेक्का सम्झौतामा कम्पनीबाहेकका कारण (सरकार, स्थानीय) काम रोकिएमा कम्पनीले क्षतिपूर्ति पाउने व्यवस्था छ। आयोजना कार्यालयका एक अधिकारीले कम्पनीबाट दैनिक अन्दाजी एक करोड हाराहारीमा क्षतिपूर्ति दाबी गर्न सक्ने बताए। अवरोधका कारण ३० दिन आयोजनाको निर्माण कार्य रोकिएको छ, त्यसअनुसार ३० करोडसम्म क्षति माग हुन सक्ने अनुमान गरिएको छ।

